सि.जि.प्र.द.नं. १७ जि.हु.द.नं. २८

सन्देश जनप्रिय

Sandesh Janapriya Weekly साप्ताहिक

❖ वर्षः- २१ ❖ अङ्कः- ८ ❖ २०८० भाद्र २७ गते बुधवार(13 Sep. 2023 Wednesday) ❖ पृष्ठः- ८ ❖ मूल्यः- १०/-

प्रो. राजन भुजेल ✆ ०४७-५२०८३६, ९८४४०१५८६७
Email:-rajanbhujel111@gmail.com
आर.एन. ट्रेडर्स एण्ड सप्लायर्स
कमलामाई न.पा.-६, पानीट्याङ्की, सिन्धुली





यहाँ रड, सिमेन्ट जस्ता निर्माण सम्बन्धी सम्पूर्ण सामान, पाईप, PPR हाउस वायरिङ्ग सामानहरु पाइनुका साथै पशुपति पेन्टस् सुपथ मूल्यमा पाईन्छ।

## वालबिवाह रोक्न गोलन्जोर गाउँपालिकाको नीतिगत निर्णय सार्वजनिक

# बिवाह गर्नु अगाडि 'उमेर प्रमाणित' गराउन अनिवार्य !

**सिन्धुली**/ गोलन्जोर गाउँपालिकाले बढ्दो बालविबाह रोक्नका लागि कठोर निर्णय गरेको छ । गाउँ कार्यपालिकाको बहुमतले उमेर पुगेर बिवाह गर्नु पूर्व त्यसको प्रमाणित कागजातसहित सम्बन्धित वडा कार्यालयबाट शिफारिश लिन सरोकार वाला सबैमा अपील गरेको छ ।



निर्णय नं १९: प्रस्ताव नं २० माथी छलफल गर्दा यस गाउँपालिका क्षेत्र भित्र बालबिवाह न्युनिकरण गर्ने उद्धेश्यले २० वर्ष उमेर पुगि विवाह गर्न योग्य उमेर भएका केटा वा केटीले विवाह गर्नु पूर्व विवाह योग्य उमेर पुगेको प्रमाण खुल्ने सरकारी कागजातको आधारमा सम्बन्धीत वडाको सिफारिस लिनुपर्ने अन्यथा गरेमा सम्बन्धीत व्यक्तिले गाउँपालिकाबाट प्राप्त हुने सेवा सुविधाबाट वञ्चित गर्ने निर्णय गरियो ।

7 | Page

गाउँपालिका अध्यक्ष शंकर बरालका अनुसार गाउँपालिकामा वालबिवाहका घटनाहरु सार्वजनिक हुन थालेपछि नीतिगत निर्णयगर्दै त्यसलाई कडाइका साथ रोक लगाएको हो ।

गाउँकार्यपालिकाले गरेको निर्णय जानकारी गराउँदै अध्यक्ष बरालले भन्नुभयो: बालविवाह गर्नु हुँदैन भन्ने कुराको सन्देश अहिले पालिकाका सबै वडामा पुगेको छ, त्यो चेतना अभिभावमा पनि छ यदी त्यसलाई व्यवहारमा लागु गर्नुभएन भने उहाँहरुले गाउँपालिका बाट पाउने सामाजिक सेवाहरु हामी रोक्न बाध्य हुनेछौं ।

संभबत वालविवाह रोक्नका लागि नीतिगत निर्णय गरेर त्यसलाई कडाइका साथ लागु गर्न वडा र गाउँस्तरमा प्रचार सन्देश पुर्‍याउने गोलन्जोर गाउँपालिका पहिलो मानिएको छ ।

तपाईहरुको निर्णयले बालविवाह रोकिन्छ भन्ने आधार के हो ? भन्ने सन्देश जनप्रिय साप्ताहिकको जिज्ञासामा अध्यक्ष बरालले भन्नुभयो: अहिले गाउँ गाउँमा वालवालिकाको निगरानी सञ्जाल बनेका छन् । वालक्लवहरु निर्माण भएका छन् । उनीहरुलाई वालदिवश मनाउन र समक्ष बनाउन गाउँपालिकाले रकम बिनियोजन गरेको छ, केही वालविवाह रोक्न सहयोग पाउँ भन्दै उनीहरुले पालिकामा उजुरी गर्ने गरेकाछन् र त्यसरी उजुरी आएका विवाह रोकिएको पनि छ । वालविवाह गर्ने र गराउने परिवारका सदस्यलाई हामीले पलिकाबाट प्रदान गर्ने सामाजिक सुरक्षाका पाइदैन भन्ने सन्देश सञ्जाल र वालक्लवका सदस्यबाट प्रवाह गरिरहेका छौं । त्यसैले पनि हामी हाम्रो पालिकामा वालविवाहको बढ्दो ग्राफलाई रोक्न सफल हुने देखिरहेका छौं ।

उहाँ अगाडि भन्नुहुन्छ: सूचना प्रविधीको बढ्दो प्रयोगसँगै भागेर गर्ने विवाहले भने हामीलाई केही अप्ठेरो बनाउने अबस्था आउन सक्छ। त्यसैले हामी अत्यन्त सचेतताका साथ सबै क्षेत्र र समुदायलाई साथमा लिएर त्यस्ता समस्या पनि निराकरण गर्ने पक्षमा छौं ।

गोलन्जोर गाउँकार्यपालिकाको मिति २०७९ फागुन २७ गते बसेको पूर्ण बैठकको निर्णय ● बाँकी २ पेजमा

## नेता नेम्वाङको निधनले देशनै शोकमग्न




**काठमाडौ**/ संविधानसभा अध्यक्ष एवं नेकपा एमालेका उपाध्यक्ष सुवास चन्द्र नेम्वाङको पार्थिव शरीर श्रद्धाञ्जलीका लागि हिजो पार्टी कार्यालय ल्याइएको छ । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले कम्युनिष्ट पार्टीको झण्डा ओढाएर श्रद्धासुमन व्यक्त गर्नुभएको छ । च्यासलस्थित मुख्यालयमा अन्तिम श्रद्धाञ्जलीका लागि उहाँको पार्थिव शरीर राखिएको छ । हिजो दिनभर नेम्वाङको शव पार्टी कार्यालयमा राखिएको थियो । नेम्वाङलाई श्रद्धाञ्जली दिन नेताहरूको बाक्लो उपस्थिति छ ।

छोराहरू विदेशबाट आएपछि उनको अन्त्येष्टि गरिने पारिवारिक स्रोतले जनाएको छ । बालुवाटारस्थित निवासमा हिजो बिहान साढे १ बजे तिर हृदयघात भएपछि नेम्वाङको त्रिवि शिक्षण अस्पताल लैजाने क्रममा बाटोमै निधन भएको थियो । मन्त्रिपरिषद् बैठकले उहाँको राजकीय सम्मानसहित अन्त्येष्टि गर्ने साथै अन्त्येष्टिका दिन दुखद घडिमा सार्वजनिक बिदा दिने निर्णय गरेको छ ।

यसैबीच एमालेले उपाध्यक्ष, संसदीय दलका उपनेता तथा संविधानसभा अध्यक्ष नेम्वाङको निधनले देश नै शोकमग्न भएको बताएको छ । हृदयघातबाट उनको निधन भएपछि मंगलवार दिउँसो बसेको एमाले सचिवालय बैठकले ● बाँकी २ पेजमा

## सभापति घिमिरे लाई पितृ शोक



**सिन्धुली**/ नेपाल पत्रकार महासंघ सिन्धुलीका सभापति कृष्णहरि घिमिरे लाई पितृ शोक परको छ । उहाँको बुबा योगेन्द्रप्रसाद घिमिरको ८५ बर्षको उमेरमा सोमवार मध्यान्ह निधन भएको हो ।

नेपाल पत्रकार महासंघ ● बाँकी २ पेजमा

## हानाथाप बिच उद्घाटन !

**सिन्धुली**/ बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेलले एक कार्यक्रका बीच सिन्धुलीको भिमानमा निर्माण सम्पन्न भएको बसपार्कको उद्घाटन गर्नुभएको छ । कस्ले उद्घाटन गर्ने भन्ने लुछाचुँडीका बीच मुख्यमन्त्री जमकट्टेलले उद्घाटन गर्नुभएको हो । निर्माण सम्पन्न भएर लामो समय उद्घाटनको पर्खाइमा बसेको भिमान बसपार्क राखिने शिलालेखमा आफ्नो नाम लेखाउने उदेश्यले आफ्नै हातबाट उद्घाटन गराउन सहरी विकास तथा भवन कार्यालय का प्रमुखलाई सिन्धुली जिल्लाका प्रतिनिधीसभा सदस्यहरुले दबाब दिंदै आएका थिए । दबाबका बाबजुद मंगलवार दिउँसो एक उद्घाटन भएको हो । तत्कालिन मुख्यमन्त्री डोरमणी पौडेलको पालामा निर्माण कार्य थालिएको यो बसपार्क बनाउने ● बाँकी २ पेजमा



## भ्याटारो —— राजेश मानन्धर




## नेपालका कम्युनिष्टहरुले सिक्नुपर्ने पाठ

गुलेली

□ प्रेम दाहाल



दक्षिण पूर्वि एयाली देश भियतनामका कम्युनिष्ट नेता थिए होचि मिन्ह । उनी भियतनाम कम्युनिस्ट पार्टीका अध्यक्ष र महासचिव थिए । उनी प्रजातान्त्रिक गणतन्त्र भियतनाम (उत्तर भियतनाम) को प्रधानमन्त्री (१९४५-१९५५) र रास्ट्रपति (१९४५-१९६९) पनि भए ।

उनी भियतनाम युद्धको समयमा प्रजातान्त्रिक गणतन्त्र भियतनाम (उत्तर भियतनाम), भियतनाम जनसेना स्थापना गर्ने मुख्य व्यक्ति थिए । उनले सन् १९४१ देखि भियतनाम स्वतन्त्रता आन्दोलन नेतृत्व गरे । सन १९५४ मा फ्रान्सलाई पराजित गरे । सन् १९६५ बाट स्वास्थ्य अवस्था खराब भएपछि पद छोडेका थिए । युद्ध पछि उनको नामबाट दक्षिण भियतनामको राजधानी सैगोनको नाम हो चि मिन्ह सिटी राखिएको थियो ।

होचि मिन्ह मार्क्स र लेनिनका सच्चा मित्र थिए । समाजवादका सफल नेता उनी असल कम्युनिष्ट थिए । सर्वहारा अन्तर्राष्ट्रवादमा विश्वास राख्ने होचि मिन्हको विश्व कम्युनिष्ट आन्दोलनमा महत्वपूर्ण योगदान रही आएको छ ।

भियतनामको स्वाधीनता र सार्वभौमिकतामा उनको महत्वपूर्ण योगदान थियो ।

समाजमा सामन्त, जमिनदार, पुँजीपति र साम्राज्यवादीहरूले विशेषगरी मजदुर र किसानहरूमाथि थिचोमिचो, दमन र शोषण गर्थे । यस्तो थिचोमिचो, ● बाँकी २ पेजमा

प्रेम इलोक्ट्रोनिक्स सेन्टर
प्रो. कपिल श्रेष्ठ ९८४४०४१३५२ ९८०२६०७७५१
कमलामाई न.पा.–६, सिन्धुली



यहाँ विभिन्न किसिमका मोवाइल, फ्रिज, LED TV, Iron, Rice cooker बुफर लगाएत इलोक्ट्रोनिक्स सामानहरु सुपथ मूल्यमा पाइन्छ ।

**नेपालका .........**

शोषण र दमनको विरोधमा होचि मिन्ह लागे, मजदुर, किसान तथा श्रमजीवी जनता जागे भनेर अभियाननैं चलाईयो। क्रान्ति सफल पार्न मजदुर, किसान अघि बढ्नुपर्छ । पार्टी सबभन्दा अघि बढेको, सचेत, दृढ, अनुशासित र सुसंठित हुनुपर्छ । वर्ग विभाजित समाज भएकैले शोषक र शोसित वर्गमा विभाजित हुनु अस्वाभाविक थिएन । कोही पनि वर्ग त्यसभन्दा बाहिर जान सक्ने छैन ।

पुरानो समाजलाई नयाँ समाजमा फेर्न कठिन संघर्ष गर्नुपर्छ । कुनै नेताले बोलेर, आह्वान गरेर परिवर्तन हुने होइन । कसैले क्रान्तिकारी अभिभारा पूरा गर्नु छ भने उसमा क्रान्तिकारी नैतिकता आवश्यक हुन्छ । उसको हरेक कार्यक्रम परिवर्तनसित सम्बन्धित हुनुपर्छ। पुरानो समाजको खराब र खतरनाक पक्ष व्यक्तिवाद पनि हो। व्यक्तिवाद क्रान्तिकारी नैतिकता विपरीत छ। पुरानो समाजका खराब या गलत प्रवृत्ति हटाउन क्रान्तिकारी गुणको विकास गर्नु आवश्यक छ। क्रान्तिकारी गुण भएका मानिसहरू न कठिनाइदेखि डराउँछन् न त दुःख कष्टबाट पछि हट्छन् । तिनीहरू कहिल्यै पनि ढुलमुले हुँदैनन्, बरु राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा आफ्नो स्पष्ट धारणा अघि राख्छन्, अडान छोड्दैनन्, कुनै लोभमा फस्दैनन् र सधैं देश र श्रमजिवी जनताको पक्षमा निरन्तर खटिर हन्छन् । भियतनामी क्रान्तिकारी नेता र जनताबाट अरू देशका जनताले सिक्ने यही हो ।

होचि मिन्ह आफ्ना नेता, कार्यकर्ता तथा जनतालाई पार्टीको अनुशासन मा बस्न, जनताको समस्या बुझ्न जनतालाई सचेत पार्न र कार्यदिशा र नीतिहरू कार्यान्वयन गर्न दीक्षित गर्थे । देश, जनता र पार्टीको लागि निःस्वार्थरूपले काम गर्न उनी उत्साहित गर्थे । जनताको सैद्धान्तिक स्तर उठाउन, आफ्ना कमी कमजोरीहरू हटाउन, आत्मालोचना, आलोचना गर्न र अध्ययन गर्न जोड दिन्थे । सबैको प्रेरणादायी नेता होचि मिन्ह भन्छन्: हाम्रो पार्टी मजदुर वर्गको सबभन्दा अघि बढेको सुसंगठित संगठन हो । भियतनामका जनताले औपनिवेशिक र सामन्ती आधिपत्य फाल्न वीरता पूर्वक लडेका थिए । स्वाधीन, प्रजातान्त्रिक र समृद्ध भियतनामको निर्माण गर्न, शोषण उन्मूलन गर्न र नयाँ समाज निर्माण गर्न जनता जुटेका थिए । यसका लागि नेता तथा कार्यकर्ताहरू मेहनती, मितव्ययी, इमानदार, निष्कपट र अध्ययनशील हुनुपर्छ तर नेपाली कम्युनिष्टहरु कहिल्यै अध्ययनशिल र अनुशासित भएनन् ।

मजदुरवर्ग र श्रमजीवी जनताको इमानदारीपूर्वक सेवा गर्नुनैं कम्युनिष्ट नैतिकता हो । समाजवादतर्फ अघि बढ्न अझै लामो र कठिन संघर्ष गर्नुपर्ने उनी बताउँथे । क्रान्तिको विरोध गर्न पुँजीवादी, साम्राज्यवादी, सामन्तवादको विरोध नगरी हुँदैन । जस्तोसुकै परिस्थितिमा वर्गशत्रुको दृढतापूर्वक संघर्ष गर्नुपर्छ ।

भियतनामको कम्युनिष्ट पार्टीले अहिलेसम्म निरन्तर मजदुर र श्रमजीवी जनताको साझा हितको प्रतिनिधित्व गरिरहेको छ । तर नेपालका कम्युनिष्ट पार्टीका नेता तथा कार्यकर्ताहरू जनताको नजिक कहिल्यै भएनन् । सिद्धान्त रटानको लागि मात्रै हो भनेझैं उनीहरुको बोली र व्यवहारमा कहिल्यै तादम्यता देखिएन ।

तसर्थ जनतालाई संगठित, सचेत, राजनीतिक, वैचारिक र सांस्कृतिक रूपले सुसूचित पारिनु पर्दछ । भियतनामको कम्युनिस्ट पार्टी र जनताबाट नेपालका कम्युनिष्टहरूले सिक्नुपर्ने पाठ पनि यहीनैं हो ।

**वालबिवाह .......**

नम्बर २० मा भनिएको छः यस गाउँपालिका क्षेत्र भित्र बालबिवाह न्यूनिकरण गर्ने उद्देश्यले २० वर्ष उमेर पुगी बिवाह गर्न योग्य भएका केटा वा केटीले बिवाह गर्नु पूर्व बिवाहका लागि उमेर पुगेको प्रमाण खुल्ने सरकारी कागजातको आधार मा सम्बन्धित वडा कार्यालयको शिफारिश लिनुपर्ने र अन्यथा गरेमा सम्बन्धित व्यक्तिले गाउँपालिकाबाट पाउने सेवा सुविधाबाट बञ्चित गरिने निर्णय गरियो, सन्देश जनप्रिय साप्ताहिकलाई प्राप्त कार्यपालिका बैठकको प्रतिलिपीमा उल्लेख गरिएको छ ।

गाउँपालिका उपाध्यक्ष ज्वालाप्रसाद न्यौपाने पुकारले स्थानीय सरकार वालवालिकाको संरक्षणका लागि निरन्तर लागिरहेको बताउँदै वाल विवाह रोक्नलागि पालिकाले गरेको नीतिगत निर्णय कार्यान्वयनका लागि कुनै कसर बाँकी नराख्ने बताउनु भयो । पालिका वालवालिकाको संरक्षणका लागि संवेदनशिल छ, हामी उनीहरुका लागि सरकार भएको अनुभूति दिलाउने छौं, उहाँले अगाडि भन्नुभयो ।

वालवालिकाको क्षेत्रमा क्रियाशिल गैर सरकारी संस्थाका अध्यक्ष दुर्गा पौडेले संक्षिप्त प्रतिक्रियादिँदै वालविवाह रोक्नलागि पालिकाले नीतिगत निर्णय गरेको भए अत्यन्त सकारात्मक भएको टिप्पणी गर्नुभयो ।

**नेता नेम्वाङ्को .......**

उनको निधनमा विशेष शोक प्रस्ताव पारित गर्दै एमालेमात्र नभएर देश नै शोकमग्न भएको बताएको हो । च्यासलस्थित केन्द्रीय कार्यालयमा बसेको सचिवालय बैठकले नेम्वाङको निधनमा विशेष शोक प्रस्ताव पारित गरेको हो ।

बैठकपछि कार्यबाहक महासचिव प्रदीप ज्ञवालीले बैठकले नेम्वाङको योगदानको मूल्यांकन गर्दै विशेष शोक प्रस्ताव पारित गरेको जानकारी दिनुभयो । 'मुलुकको संविधान निर्माणका लागि उहाँले खेल्नु भएको भूमिका नेपालको इतिहासमा अमिट रहेको छ । बैठकले उहाँको योगदान को मूल्यांकन गर्दै विशेष शोक प्रस्ताव पारित गरेको छ । दुई-दुईपटक संविधानसभाको अध्यक्ष बन्ने दुर्लभ अवसर उहाँले पाउनु भएको हो,' ज्ञवालीले भन्नुभयो, 'पार्टी परिवारमात्र होइन, सिंगो देश शोकमग्न भएको छ ।'

साथै बैठकले नेम्वाङको सम्मानमा तीन दिनसम्म देशभरका सबै पार्टी कार्यालयमा पार्टी झण्डा आधा झुकाउने, केन्द्रीय कार्यालय, प्रदेशिक कार्यालयहरु र इलाम जिल्ला पार्टी कार्यालयमा शोक पुस्तिकासमेत राख्ने निर्णय गरेको छ । पार्टी र अन्तर्गतका सबै जनवर्गीय संगठनले तीन दिनसमम सबै औपचापरिक कार्यक्रम स्थगित गरेको पनि ज्ञवालीले जानकारी दिनुभयो । यसअघि आज बिहान बसेको आकस्मिक मन्त्रिपरिषद् बैठकले राष्ट्रिय सम्मानका साथ नेम्वाङको अन्त्येष्टि गर्दै सोही दिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ।

**सभापति .......**


सिन्धुली शाखाका पूर्व सभापति तथा अधिवक्ता लिलानाथ घिमिरे, पत्रकार लक्ष्मण घिमिरे र नेपाल पत्रकार महासंघ जिल्ला शाखा सिन्धुलीका कार्यसमिति सदस्य तथा प्रेस सेन्टर नेपालका सदस्य गिता घिमिरेका पिता योगेन्द्र प्रसाद घिमिरेको ८५ वर्षको उमेरमा दुःखद निधन भएको हो । उहाँ लामो समयदेखी बिरामी हुनुहुन्थ्यो ।

प्रेस चौतारी नेपालका महासचिव हिरामान लामा, बागमती प्रदेश कमिटी महासचिव प्रकाश दाहालले एक शोक बक्तव्य जारी गर्दै शोकलाई शक्तिमा बदल्न भने का छन् । बिज्ञप्तीमा स्वर्गीय घिमिरे प्रति हार्दिक श्रद्धाञ्जली अर्पणगर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना प्रकट गरिएको छ । त्यसै गरी प्रेस चौतारी सिन्धुली र प्रेस सेन्टर नेपाल जिल्ला समन्वय समिति सिन्धुलीलगायत विभिन्न संघ संगठनले समवेदन प्रकट गरको छ ।

**हानाथाप .......**

योजना तत्कालिन कमलामाई नगर पालिकाका प्रमुख खड्गवहादुर खत्री र सहरी विकास तथा भवन कार्यालय प्रमुख दुर्गा घिमिरेको सहकार्यमा थालिएको थियो । यो बसपार्क सञ्चालनसँगै त्यस क्षेत्रमा चहलपहल बढ्ने अपेक्षा गरिएको छ । त्यसैगरी जमकट्टेलले सिन्धुली उद्योग बाणिज्य संघ सिन्धुलीको ३३ औं बार्षिक साधारणसभाको उद्घाटन गरेकाछन् । सिन्धुली उद्योग बाणिज्य संघ सिन्धुलीका अध्यक्ष अर्जुन कुमार श्रेष्ठको अध्यक्षता तथा मुख्यमन्त्री जमकट्टेल को प्रमुख आतिथ्यतामा बार्षिक साधारण सभाको उद्घाटन गरिएको हो । जमकट्टेलले पेट्रोलियम पदार्थको आयातका कारण नेपालमा व्यापार घाटामा गएको बताउनु भएको छ । उहाँले पेट्रोलियम पदार्थ आयातका कारण नेपालले व्यापारमा घाटा बेहोरिरहेको बताउनुभयो । जमकट्टेल ले बागमती प्रदेशलाई खाद्यान्नमा आत्मनिर्भर बनाउने दाबि गर्नुभयो । सोको लागि समुदायमा आधारित कृषि उत्पादनको नमुना निर्माण भइरहेको उहाँको भनाई छ । पहिलो चरणमा बागमती प्रदेशका १० वटा जिल्लाका ६० हजार किसानलाई समट्ने गरी कार्यक्रम बनिरहेको मुख्यमन्त्री जमकट्टेलले बताउनुभयो । कार्यक्रममा संघीय सांसद राजन दाहाल, श्याम घिमिरे र बागमती प्रदेशका कानूनमन्त्री गंगानारायण श्रेष्ठले सम्वोधन गर्नुभएको थियो ।

**हार्दिक श्रद्धाञ्जली**



आत्मिय पत्रकार मित्रहरु नेपाल पत्रकार महासंघ सिन्धुलीका पूर्व अध्यक्ष लिलानाथ घिमिरे, बर्तमान अध्यक्ष कृष्णहरि घिमिरे र लक्ष्मण घिमिरेको पुजनीय पिता श्री योगेन्द्रप्रसाद घिमिरेको मिति २०८० भदौ २५ गते भएको निधनले मर्माहत बनाएको छ । दुखको यस घडीमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोकाकुल परिवारजन गहिरो समवेदना व्यक्त गर्दछौं ।

**सन्देश जनप्रिय परिवार**

दर्ता नं.: १८००३८/०७४/०७५ तपाईंको यात्रा शुभ अनि सफल रहोस्..... शुभकामना

चाहना यातायात प्रा.लि.

हाम्रो देशको विद्युत हामीले सदुपयोग गरौं, विद्युतीय गाडीमा आरामदायी यात्रा गरौं ।

सिन्धुली काउण्टर 9854041239 9801718220

काठमाण्डौं चावहिल ९८०१६६८०४५

चालक ९८५४०४५५३२ ९८५४०४५५३६

थप जानाकारी ९८५४०४०५३३(टंक) ९८५४०४५५४१(उद्धव)

काठमाण्डौं काउण्टर 9854045531





काठमाण्डौं-खुर्कोट-सिन्धुली-बर्दिबास अग्रिम बुकिङ्ग र रिर्जभको व्यवस्था ।

प्रतिक्षा मेडिकल हल एण्ड कायरा फार्मेसी

कमलामाई नगरपालिका-४, ढुंग्रेबास सिन्धुली

०४७-५२००४१, ५२०१५६ ९८५४०४०१५६




होलसेल तथा खुद्रा मुल्यमा पाउनुको साथै छुटको पनि व्यवस्था छ।

सिन्धुलीका कुखुरापालक कृषकहरुमा खुशीको खबर !



हामीकहाँ ब्रोइलर,लेयर्स, हाँस, गाई, भैसी, बंगुर, माछा तथा बाखाको दाना पाउनुका साथै लोकल कुखुरा, लेयर्स, गिरिराज, कडकनाथ, बट्टाई,, टर्की र लौकाटको चल्लाहरु पाइन्छ । साथै कृषि सम्बन्धी बिउ बिजन तथा परामर्श सेवा पनि उपलब्ध गराइन्छ ।



सिद्धबाबा दाना चल्ला सप्लायर्स, सिन्धुली

कृषि उपज बजार, सिन्धुली फोन: ०४७:५२०८६१२ मरिण छाप: मोवाइल:९८४४०४५४००, ९८४४०४१०१०

# तीनपाटन गाउँपालिकामा बालमैत्री वडा घोषणा गरिने

**लाम्पनटार/** तिनपाटन गाउँपालिका ५ मा केही दिन अघि बालमैत्री सिकाइ केन्द्र स्थापना गरिएको छ। वडालाई बालमैत्री वडा घोषणाको तयारी भई रहेका वेला बालमैत्री सिकाइ केन्द्र स्थापना गरिएको हो। वडा कार्यालयले कोठा उपलब्ध गराएपछि सिकाई केन्द्र स्थापना गरिएको रिलिफ नेपालका अध्यक्ष दुर्गा पौडेलले जानकारी दिनुभयो। रिलिफ नेपाल र वर्ल्ड भिजन इन्टरनेशनल नेपालको साझेदारिमा सञ्चालित परियोजना बाट सिकाइ केन्द्र व्यवस्थापनमा यस केन्द्रले सहयोग पुऱ्याउने उहाँको भनाई रहेको छ।



सिकाई तथा पढाई, खेलकुदका सामाग्री र केन्द्र संचालन गर्न एक थान कम्प्युटर प्रदान गरिएको छ। सिकाइ केन्द्रमा विद्यालय बिदाको दिन बालबालिकाहरू अध्ययन तथा मनेरञ्जनका लागि जानेछन्। तिनपाटन गाउँपालिका ५ लाई भदौ २९ गते बाल मैत्री वडा घोषणा गरिने बताइएको छ। बाल मैत्री वडा घोषणा गर्न सूचक नम्बर ३९ लाई सहयोग पुग्ने गरि केन्द्र स्थापना गरिएको हो।

त्यसैगरी तिनपाटन गाउँपालिका ५ लाई बालमैत्री वडा घोषणाका लागि सरोकारवाला निकायहरूले अनुगमन गरेका छन्। वडा कार्यालयमा बालमैत्री स्थानीय शासनको ५१ वटा सूचकको कार्यान्वयनको अवस्थाबारे अनुगमन गरिएको हो।

अनुगमनमा जिल्ला समन्वय समिति सिन्धुली, जिल्ला प्रशासन कार्यालय सिन्धुली, जिल्ला प्रहरी कार्यालय सिन्धुली, तिनपाटन गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, बाल सन्जाल, बाल क्लब लगायत सरोकारवाला निकाय का प्रमुख तथा प्रतिनिधिले अनुगमन गरेका थिए।

प्रमुख जिल्ला अधिकारी सुनिता नेपालले वडालाई हाल सूचकहरू पुरा गरेर बालमैत्री घोषणा गरेर मात्र नहुने भन्दै दिगोपनाको पक्षमा समेत काम गर्न आग्रह गर्नुभयो। बाल मैत्री वडा घोषणा गरेपछि बालबालिकामा धेरै परिवर्तन आउने र हरेक क्षेत्रमा सहयोग पुग्ने उहाँको भनाई छ। ठुलो विकास मानवीय व्यवहार र चेतना स्तरको विकास भएको बताउँदै उहाँले बालबालिकाको आवाज र विचारलाई बालबालिकासम्बन्धी नीति, कार्यक्रम निर्माण तथा निर्णय प्रक्रियामा महत्वपूर्ण स्थान दिनु पर्ने बताउनुभयो।

सरोकारवाला निकायको अनुगमन पश्चात् अब सम्पूर्ण तयारी पुरा भएको र भदौ २९ गते बालमैत्री वडा घोषणा गरिने वडा अध्यक्ष भूपालसिं तामाङले जानकारी दिनुभयो।

# सरकाले कर्मचारीलाई विभेद गऱ्योः केसी

**सिन्धुली/** नेपाल राष्ट्रिय कर्मचारी संगठन(स्थानीय) सिन्धुलीका अध्यक्ष सुदिप केसीले संघिय कर्मचारी र स्थानीय बिच विभेद भएको बताउनु भएको छ। गएको शुक्रबार निजामती सेवा दिवसको वहिस्कार गर्नुहुँदै अध्यक्ष केसीले संघिय कर्मचारीले पाइरहेका सेवा, सुविधा तथा निवृत्ति भरणमा स्थानीय कर्मचारीले नपाएको बताउनु भएको हो।



स्थानिय कर्मचारीको वृद्धि विकासमा स्पष्ट व्यवस्था नगरिएको उहाँको भनाई छ। केसीले भन्नुभयो "कर्मचारी सरुवामै विभेद छ। संघिय कर्मचारी लाई चक्रिय प्रणालीको व्यवस्था छ तर स्थानीय कर्मचारीलाई सहमतीको सरुवा हुने गर्दछ। अन्तरप्रदेश सरुवाको व्यवस्था छैन"

निजामतीकै भाषामानै स्थानीय तहमा कार्यरत कर्मचारी नराखिएको भन्दै अध्यक्ष केसीले आपत्ति जनाउनु भएको छ। "हामिले किन मनाउने निजामती सेवा,हामिलाई निजामतीकै भाषामा आज पनि समेटिएको छैन" उहाँले थप्नुभयो।

संघिय कर्मचारीलाई जुनसुकै सेवामा प्रवेश गरेपछि उमेदहद नलाग्ने तर स्थानीय कर्मचारीलाई उमेदहद लाग्ने बताउनुहुँदै उहाँले स्थानीय कर्मचारी एकपटक जुनसुकै प्रवेश गरेपछि अर्को तहमा जादा सेवा अवधि नजोडिने भएकाले असन्तुष्टि व्यक्त गर्नुभयो।

साथै अध्यक्ष केसीले संघिय कर्मचारी ठुलो र स्थानीय कर्मचारी सानो भन्ने आसयको संघिय निजामती ऐन आउन लागेकोले स्थानीय कर्मचारीले निजामती दिवस नमनाउने निर्णय भएको बताउनुभ भएको छ।

संविधानको मर्म विपरित निश्चीत कर्मचारीहरुको स्वार्थको कारणले संघियतालाई नै आच आउने गरि ऐन आउन लागेकोले अध्यक्ष केसीले असन्तुष्टि व्यक्त गर्नुभयो। "जो जनताको विचमा बसेर सेवा प्रदान गरिरहेको छ। जनताको निकट छ। त्यस्ता कर्मचारीलाई नै दोस्रो दर्जाको कर्मचारी वनाएर कर्मचारीहरु विचनै मालिक र नोकरको अवस्था सिर्जना नहोस्।" उहाँले भन्नुभयो।

कर्मचारीहरुलाई समान सेवा, सुविधाको अवसर प्रदान गर्न नेपाल सरकारसँग माग गर्नुभएको छ।

## सामाजिक सञ्जाल

२०३५ सालतिर म कक्षा ७ मा पढ्थे। अनेरास्ववियु छैटौंको संगठनमा बसेर राति राति चामल, तरकारी केही रुपैयाँ बोकेर कम्युनिस्टको कुरा कानि सुन्न पुगि रातिनै हिँडेर बिहान पख घर पुग्ने गरि बिद्यार्थीको संगठन गर्ने, पार्टीका पोस्टर, पर्चा टाँस्ने र छर्ने गरिन्थ्यो।

कहिलेकाही प्रहरीले लगेर राख्थे पनि। पञ्चायती व्यवस्थाको बिरुद्ध आफ्नो बिबेक क्षमताले धान्ने सम्मको काम गरियो।२०३६को जनमत संग्रहमा निलोमा मतदान गरियो। भुमिगत रुपमा पञ्चायत बिरोधि गतिविधि चलिरह्यो।२०४६ को जनआन्दोलनमा प्रत्यक्ष सहयो गरियो फलस्वरूप सँबैधानिक राजतन्त्र सहितको बहुदलीय ब्यबस्थामा आएर खुला गतिविधि गर्न सकिने अधिकार प्राप्त भयो। कम्युनिस्ट पार्टी चौम, नेकपा (एकताकेन्द्र) पार्टीको बैधानिक मोर्चा संयुक्त जनमोर्चा नेपाल बाट संसदिय ब्यबस्था भनेको खसिको टउको देखाएर कुकुरको मासु बेच्ने थलो हो भन्ने क्रान्तिकारी मान्यतालाई थाँती राख्दै उपयोग गर्दै भण्डाफोर गर्नु पर्छ भनी संगठन बनाउनु लागियो। २०६/२०६३ को जनयुद्धको राप तापमा सातदल समेतको सहभागितामा उर्लेको जनआन्दोलनमा सहभागी बनी संघीय लोकतान्त्रिक गणतन्त्रको घोषणा भयो। जनताले गाँस वास कपास स्वास्थ्य सिक्षा रोजगार मर्यादित समाजको निर्माण राष्ट्र राष्ट्रियता को रक्षा सहितको राष्ट्र बन्नेछ भन्ने आशामा लाखौं मानिसको बर्बादी, धन नोक्सानीको प्रवाह नगरि बलिदनि नेपाली जनताले दिए राजतन्त्रात्मक तानाशाही ब्यबस्थाको अनत्य गरेर।

बिडम्बना आज केन्द्र देखि गाउँ सम्म निर्वाचित अधिकांश जनप्रतिनिधि र सत्तामा रमाउनेहरुको जीवन शैली, ब्यबाहार, आर्थिक चलखेल देखेर कसैले प्रश्न गर्यो भने हिजो राजाले पनि गरेका थिए, काँग्रेसले गरेको थिए, कम्युनिस्टले पनि गरेका थिए। भन्ने जबाफ पाइन लाग्यो।आफ्नो गुणगान, भक्तिभाव नगरे कर्मचारी, ब्यापारी ,उद्योगपति कामगरेर ईज्जत साथ बाच्न नसकिने ब्यबहार प्रदर्शन गर्न थाले। निजी सम्पत्ति कसरी आर्जन गर्न सकिन्छ भन्ने तिर प्रतिसपर्धा हुन थाल्यो। धार्मिक, जातिय संघर्षमा जनतालाई भिडाई बिदेशी सेना ल्याई देशमा परेड खेलाउन लागे। नेपाली जनता सचेत नबने यी छोटे रजौटाको पछि लागे भोली मुख्य मन्त्री लिएर हाम्रो नेपाली नागरिक्ता खोस्न सक्छन सोचेर बुझेर साथ दिउँ।

यी गतिविधि हेर्दा हामीले हिजो देखि गल्ती त गरेनछौं ? हिजो एउटा राजाको हेपाई चेपाई खाईनथ्यो। आज पोथ्रै पिच्छेका रजौटाहरु हेपाई चेपाईले ईतिहास सम्मझंदा सच्चा देशभक्तहरुलाई ल्याईयो भने को त तिनै घरेलु निरङकुशवादी, अमेरिकी साम्राज्यवादी ! भारतीय बिस्तारबादीका एजेन्टहरुलाई विभिन्न पार्टीका नेता कार्यकर्ता बनाएर पठाएको रहेछ आज दलाल पुँजिवादमा रुपन्तरण भई देखा परिहाले राष्ट्रवादी शक्ति अल्पमतमा पुग्यो। अब नेपाली जनताहरुले गति विधिको आधारमा केपी ओली नेतृत्वको राष्ट्रवादी शक्ति चिन्नु पर्छ र उसैलाई आउँदो निर्वाचनमा सहयोग गरौं र देश दुर्घटनाबाट बचाऔं।

➢ **गोपाल बुढाथोकी, अध्यक्ष नेकपा एमाले मरिण**

आर्थिक वृद्धि दीर्घकालीन प्रक्रिया हो। प्रति वर्ष राष्ट्रको कुल उत्पादन क्षमतामा भएको वृद्धि र त्यसको उपयोगबाट राष्ट्रिय उत्पादनको आयतनमा भएको वृद्धिलाई आर्थिक वृद्धि भनिन्छ। बढ्दो जनसंख्याको माग पूरा गर्न तथा उपभोग बढाएर समाजको जीवनस्तर उकास्नको लागि प्रति वर्ष विभिन्न किसिमका वस्तु र सेवाहरूको उत्पादन बढाउनु पर्ने हुन्छ। तर, त्यसैअनुरूप उत्पादन क्षमता नबढेसम्म उत्पादन बढाउन सकिन्न। फलस्वरूप आर्थिक वृद्धि दिगो हुन सक्दैन। त्यसैले अर्थतन्त्रको उत्पादन क्षमतामा निरन्तर वृद्धि गरी कूल उत्पादन क्षमतामा निरन्तर वृद्धि गराउने प्रक्रिया नै आर्थिक वृद्धिको प्रक्रिया हो। आर्थिक कल्याणको मापदण्डले उपभोगलाई जोड दिएको छ। उपभोगमा वृद्धि नभइकन जनताको जीवनस्तरमा सुधार हुन सक्दैन। आर्थिक कल्याणको आधारमा आर्थिक विकास मापन गर्दा आर्थिक विकासले प्रतिव्यक्ति आय वृद्धि हुनुका साथसाथै आयको असमान वितरण घट्न गई समस्त जनसाधारणहरूको सन्तुष्टि अधिकतम बढ्दै गइरहेको अवस्थालाई दर्शाइएको हुन्छ।

➢ **विकास कार्की, सिन्धुली**

गिरिजा राजकीय सत्तासहितको कार्यकारि प्रमुख अर्थात प्रम भएको वेलामा गणतन्त्र आयो, राजालाई नारायणहिंटिबाट श्रीपेच खोसेर गलहत्याईयो। गणतन्त्र माओवादीले ल्याएको भनिन्छ र मानिन्छ। यसको जसअपजस माओवादीले नै लिएका छन्। कस्को पालामा भन्ने निर्णायक बिषय हुँदैन, कसको नीति हो भन्ने मुख्य कुरा हुन्छ। आफ्नो नीति पारित र लागू गर्नेहरु नै खासमा मुख्य हुन्छन्। त्यसैले नीति नहेरि राजनीति गर्ने वा भोट हाल्नेहरु खासमा कमजोर मानिस हुन्। कुन पार्टीको केके नीति छ भनेर बुझ्नु नै सचेत मानिसको गुण हो। राजनीति बुझ्न नखोज्नु भनेको मुर्खता हो कि।

➢ **बेद बिनय शर्मा, सुनकोशी**

खबर हाम्रो, फैसला तपाईको: पलपलको खबरका लागि
प्रदेशखबर
www.epradeshkhabar.com
Email: sandeshjanapriya@gmail.com

ताजा दुध, दही, घिउ पनिर र खुवाका लागि हामीलाई संझनुहोस।

कमलामाई डेरी प्रा.लि सिन्धुली
माझीटार,सिन्धुली (शिक्षा समन्वय कार्यालयसंगै) PHONE NO.- 9843354289

एउटा अधाएको व्यक्तले भोको मानिसको आवश्यक्तालाई कहिल्यै बुझ्न सक्तैन । - कार्ल मार्क्स

## सम्पादकीय

# सिन्धुलीका एमाले नेताले भूल्न नहुने तथ्य !

नेकपा एमालेको पहिलो बागमती प्रदेश अधिवेशन असोज मसान्त भित्र हुँदैछ। सो अधिवेशनका लागि अहिले सिन्धुलीका एमाले नेताहरु आफ्नो पार्टी सदस्य भएको पालिकाबाट प्रतिनिधी चुनिएरआउनु पर्ने कार्यविधी अनुसार सर्वसम्मत वा निर्वाचन प्रक्रियाबाट आएकाछन् ।

बुधवार साँझसम्म बागमती प्रदेशका जिल्लाहरुले प्रदेश प्रतिनिधीहरुको नाम र फोटोसहितको बिबरण पठाउन निर्देशन दिइएका बेला नेताहरुका लागि कसरी आफु प्रतिनिधी चयन हुने भन्ने कुराले टाउको दुखाईको विषय बन्न थालेको छ ।

नेताको बरिपरि बसेर आ आफ्नो नेताको बखान गर्न सक्रिय रहेका नेताहरु अहिले पहिलो चरणमा आफु र आफुले भनेको मान्ने प्रतिनिधी चयन गराउन क्रियाशिल रहेको देखियो । सिन्धुलीका ७ गाउँपालिका र दुई नगरपालिकामा सकसपूर्ण तरिकाले प्रतिनिधीहरु छानिए । नेताहरु धेरै र एकले अर्कालाई अस्वीकार गर्ने अबस्था सिर्जना भएपनि मतदान गर्ने अबस्थामा पुगेका कमलामाईका नेताहरु पार्टीमा बिग्रह आउने अबस्थाको आँकलनगर्दै सर्वसम्मत बनाउन पुगे। हिजो भएको छनोट प्रक्रियालाई हेर्दा पुराना नेता भन्दा पनि नयाँ पुस्ता प्रदेश प्रतिनिधी चयन भएका छन् । इतिहासको भारी बोकाएर पार्टी र संगठन चलाउँदै आएका नेताहरुले भनेको अहिलेका एमाले कार्यकर्ताले सहजै स्वीकार गर्ने अबस्था देखिंदैन । कार्यकर्तामाथि दबाब दिने नेताहरुको पार्टी र कार्यकर्ताको संरक्षण वा हितका लागि गरेको योगदान वा चालचलन बारे अहिलेका एमाले कार्यकर्ता जानकार छन् । इतिहासको कथा रटाएर कोही पनि एमाले कार्यकर्ता बर्तमानमा गरेका कमी कमजोरी वा गलत चालनचलनलाई क्षमा दिन चाहँदैनन् भन्ने तथ्य सिन्धुलीका एमाले नेताहरुले राम्ररी बुझ्न जरुरी छ ।

एमालेल तीन महिना अगाडि सञ्चालन गरेको 'मिसन ग्रासरूट अभियान'ले सिन्धुली एमाले कुन अवस्थामा छ र नेताहरु पार्टी निर्माण गर्न को कति जिम्मेवार छन् ? भन्ने तथ्य केलाइसकेको अबस्थामा हुन लागेको एमालेको मागमती प्रदेश अधिवेशनले पारित गरेको कार्यदेशलाई स्थानीय तहसम्म लैजान कमाण्डार अर्थात प्रत्येक पालिका कमिटीलाई एक प्रदेश कमिटी सदस्य छनोट गर्नेछ। त्यसैले पनि प्रतिनिधी छनोटमा सिन्धुलीका एमाले नेता कार्यकर्ताले पालिका र आवश्यक पर्दा जिल्लाको नेतृत्व हाँक्न सक्ने सक्षम र उमेदवार बन्न योग्य नेतालाई छनोट गर्न जरूरी छ ।

जिल्ला पार्टीको पदाधिकारी वा सदस्यमा बस्ने, को प्रदेश कमिटीको पदाधिकारी वा सदस्य बन्ने ? भन्ने सम्मको सामूहिक छलफल मार्फत प्रतिनिधी छनोट गरेर पठाउने हो भने सिन्धुली एमाले भित्र देखिएको स्वार्थ समूहको अन्त्य हुनेछ। जसले गर्दा प्रदेशमा सिन्धुलीले एक पदाधिकारी र बलियो सदस्य संख्या पाउने अबस्था गुम्ने तथ्य भूल्नु हुँदैन । त्यसैले हामी सबैले एकै भन्नै पर्ने भएको छ: व्यक्तिगत कुण्ठा, अहंकार र पुरानो कन्दमुलको इविलाई छोडेर सही र सक्षम प्रतिनिधी छनोट गरेर पठाउनु एमालेका संगठित सदस्यहरुको जिम्मेवारी हो। यदी यो जिम्मेवारीबाट एमालेका कार्यकर्ताहरू पछि हट्ने हो भने न पार्टी रहन्छ नत नेतृत्वनैं । त्यसैले यो मार्गबाट एमाले जन किञ्चित पछि हट्नु हुँदैन ।

# हाम्रा कमरेडहरूले पुऱ्याउनै पर्ने सुझबुझ

□ प्रदिप कटुवाल



**पकेटमारले कसैको खल्ती रित्याइदिन पाउँदा सफलता पाएको ठान्छ, जुन घीनलाग्दो सफलता हो । अरूलाई दु:ख दिएर वा रुवाएर पाएको सफलता घीनलाग्दो हुन्छ । सफलता त यस्तो होस् जसले कसैलाई दु:ख नदेओस्, नरुवाओस् । देशको बृहत्तर हितलाई गन्तव्य मानेर अघि बढ्दा मिलेको सफलताले सबैको भलो गर्छ । अरूलाई खुसी पार्दै पाएको सफलता गर्व गर्नलायक हुन्छ । जितको सवालमा पनि सन्दर्भ त्यही हो । कसैले कुनै मानिसलाई मारेर जित भएको ठान्छ भने बुझ्नुपर्छ– मारिने मानिससँग मार्ने डराएको थियो । मारिने मानिसको अस्तित्वको त्रास मेटिए पनि मार्नेको जित भएन । कसैलाई लखेट्दा पनि जित हुँदैन, अर्को प्रतिशोधको तयारी मात्र हुन्छ । भगाएर वा लखेटेर केही पनि जितिँदैन । कसैलाई मनाएर जित्नु पो वास्तविक जित हो । यसरी जितको महत्व त्यसको उद्देश्यमा निर्भर रहन्छ ।**

माओत्सेतुङले भन्नु भएको थियो- हाम्रा केही कमरेडहरूमा बिल्कुलै सुझबुझ छैन र निर्णय पनि लिन सक्दैनन् । सुझबुझ हुनुको अर्थ हो कि, तपाई मातहत, सचिव, कारखाना म्यानेजर, मजदुर तथा किसानका अलग अलग राय छन् र जो सुन्ने इच्छा राख्नुहोस् र खासगरी अलग विचार सुन्न तयार हुनुहोस् । हाम्रो पार्टीमा पनि निश्चित रूपमा माओत्सेतुङले भनेजस्तै समसयाहरु छन् । तीन महिने मिसन ग्रासरुट अभियानका क्रममा फेला परेका पार्टीभित्रका समस्याका पोकाहरु खोलिएकै छैन, सार संक्षेपमात्रै अहिले आएको छ।

पार्टीमा नेता कार्यकर्ताहरु आफ्नो काम र योगदान बापत गरिएको मानसम्मान मन पराउँछ। तर मान-अपमानको पनि अवधि हुन्छ। कसैले कसैलाई सदाका निम्ति मान वा अपमान गरिरहन सक्दैन। मानसम्मानले अरूलाई पनि सोही मार्गमा हिंड्न प्रेरित गर्छ। त्यही कारण कसैलाई मानसम्मान गरिंदा सकेसम्म बढी मानिस भेला पारिन्छ। र, समाजमा राम्रो सन्देश फैलियोस् भनी प्रचार मोर्चालाई परिचालन गरिन्छ।

यहाँसम्म आउँदा मैंले जीवनमा अनेक पटक अपमान भोगेको छु। तर म तिनलाई मेरो मस्तिष्कमा भेला पारेर कहिल्यै राख्दिनँ। तिनलाई बिर्सिदिन्छु। कुनै बेला पीडा दिएका कुरा पुनः सम्झिएर किन पीडित हुनु ? म आफू अपमानित भएको क्षणलाई किन साँचेर राखूँ ? अपमान पनि त पीडा नैं हो। हामी हाम्रा घरका दराजमा त कमसल वा नराम्रा कुरा नराखी बहुमूल्य सामान मात्रै राख्न चाहन्छौं भने, मस्तिष्कमा अपमानको भारी किन राखिरहनु ? म त सकेसम्म सकारात्मक र राम्रा कुरा आफ्नो दिमागमा राख्छु। 'हार' र 'अपमान' लाई मैले आफ्नो मस्तिष्कबाट 'डिलिट' गरिदिएको छु।

मानिसले आफ्नो अहंकार र तुष्टि पूरा गर्न पाउँदा सफलता मिलेको ठान्छ, तर त्यो क्षणिक हो भन्ने कुरा कहिल्यै आत्मसत गरेको देखिनँ । इतिहास हेर्दा पनि थाहा हुन्छ, हामीहरू लामो समय शत्रुता साँध्ने काममा अल्झियौं। कुनै पनि विषय टुंगिसकेको हुन्छ, तर अर्को पक्षलाई दु:ख दिएको दियै हुन्छौं भने योभन्दा खराब कुरा अर्को केही हुँदैन। यस्तो प्रवृत्तिले अन्त्यमा वंशनाश, शक्तिनाश र राज्यनाशको अवस्थामा पुर्याउँछ। जीवनमा मैंले राजनीति गरेकै कारण विगतमा मेरा बुबा र आफन्तले समेत दु:ख भोग्नुपरेको छ। राज्यसत्ताले मेरो रिस मेरा आफन्तमाथि पोखेको थियो। अब यस्ता कार्यलाई कसरी जित भन्नु ? कसरी सफलता भन्नु ? त्यो त सत्ताको उन्माद मात्रै थियो।

मानिसको जीवनमा गन्तव्य मुताबिकका जित र हार हुन्छन्। कति लामो गन्तव्य छ, कति ठूलो उद्देश्य छ र प्राप्ति केलाई मान्ने भन्ने कुराका आधारमा मानिस सफल-असफल हुन्छ। कतिपय सफलता नै घीनलाग्दा पनि हुन्छन् त कतिपय प्रशंसायोग्य र महान् । पकेटमारले कसैको खल्ती रित्याइदिन पाउँदा सफलता पाएको ठान्छ, जुन घीनलाग्दो सफलता हो। अरूलाई दु:ख दिएर वा रुवाएर पाएको सफलता घीनलाग्दो हुन्छ। सफलता त यस्तो होस् जसले कसैलाई दु:ख नदेओस्, नरुवाओस् । देशको बृहत्तर हितलाई गन्तव्य मानेर अघि बढ्दा मिलेको सफलताले सबैको भलो गर्छ। अरूलाई खुसी पार्दै पाएको सफलता गर्व गर्नलायक हुन्छ। जितको सवालमा पनि सन्दर्भ त्यही हो। कसैले कुनै मानिसलाई मारेर जित भएको ठान्छ भने बुझ्नुपर्छ- मारिने मानिससँग मार्ने डराएको थियो। मारिने मानिसको अस्तित्वको त्रास मेटिए पनि मार्नेको जित भएन। कसैलाई लखेट्दा पनि जित हुँदैन, अर्को प्रतिशोधको तयारी मात्र हुन्छ। भगाएर वा लखेटेर केही पनि जितिँदैन। कसैलाई मनाएर जित्नु पो वास्तविक जित हो। यसरी जितको महत्व त्यसको उद्देश्यमा निर्भर रहन्छ।

एमालेको अबको सिद्धान्त केहो ? कहाँ पुगेर टुगिन्छ ? अहिले के भइरहेको छ ? अब के गर्नु पर्दछ ? भन्ने कुरा पार्टीको राजनैतिक प्रतिक्षणमा प्रष्ट ढंगले आएको छ । अहिले नेपाली समाज अर्ध औपनिवेशिक र अर्धपुँजिबादको छत्रछायाँमा छ । पुँजिबादी क्रान्ति सम्पन्नगरी बहुदलिय जनबाद प्रतिस्थापन गर्नु हो । अबको एमाले जवजको मार्ग निर्देशनबाट निरन्तर अगाडि बढिरहने छ।

# जनमतको अबमूल्यनमा स्वतन्त्रहरू

□ कृष्ण गौतम



**संविधानले दिएको प्रश्न गर्न पाउने अधिकारकै उपयोग गरी गैर दलीय उम्मेद्वारी दिएर पनि साम्पाङले मेयर जितेका थिए । उनीसँगै काठमाडौं महानगरमा बालेन शाहले मेयर जितेका थिए । बालेनले पनि आफ्नो प्रतिकुल हुने घटनाको सामाजिक सञ्जाल र महानगरको बल प्रयोग गरी गैरसवैधानिक प्रतिवाद गरिरहेका छन् । केही दिन अगाडि मात्रै महानगरको गाडीलाई प्रहरीले सोधपुछ गरेकोप्रति आक्रोशित हुँदै सिंहदरबारमै आगो लगाइदिने सार्वजनिक चेतावनी दिएका थिए । उनको उक्त स्टाटसको चर्को विरोध भयो । तर उनले चुपचाप बसेर आलोचनाको प्रतिवाद गरेका छन् ।**

धरान उपमहानगरका मेयर हर्क साम्पाङलाई सार्वजनिक कार्यक्रममा प्रश्न गर्ने एक युवकलाई प्रहरी हिरासतमा लिइयो । तर मुद्दा चलाउनुपर्ने अभियोग नभएकाले एक रात हिरासतमा राखेर प्रहरीले छोडेपनि त्यो प्रकरणमा मेयरमाथि बलियो प्रश्न उठेको छ।

किनकि कार्यकारी प्रमुखलाई प्रश्न गर्न पाउनु नागरिक संवैधानिक अधिकार हो । त्यही अधिकार उपयोग गरी ती युवकले प्रश्न गरेका थिए । तर प्रश्न गरेबापत हिरासतमा लिइयो। यसअघि पनि आफ्नो विरोध गर्नेहरुलाई मेयर साम्पाङले सामाजिक सञ्जालबाट अनेक आरोप लगाउने गरेका थिए। यसपटक आरोप मात्रै नभएर हिरासतमै राखेका छन्। यो घटनासम्म आइपुग्दा मेयर साम्पाङले आफू जुन बाटो भएर आएका थिए, त्यो बाटो बिर्सेको प्रष्ट हुन्छ।

किनकि संविधानले दिएको प्रश्न गर्न पाउने अधिकारकै उपयोग गरी गैरदलीय उम्मेद्वारी दिएर पनि साम्पाङले मेयर जितेका थिए । उनीसँगै काठमाडौं महानगरमा बालेन शाहले मेयर जितेका थिए । बालेनले पनि आफ्नो प्रतिकुल हुने घटनाको सामाजिक सञ्जाल र महानगरको बल प्रयोग गरी गैरसंवैधानिक प्रतिवाद गरिरहेका छन् । केही दिन अगाडि मात्रै महानगरको गाडीलाई प्रहरीले सोधपुछ गरेको प्रति आक्रोशित हुँदै सिंहदरबारमै आगो लगाइदिने सार्वजनिक चेतावनी दिएका थिए। उनको उक्त स्टाटसको चर्को विरोध भयो। तर उनले चुपचाप बसेर आलोचनाको प्रतिवाद गरेका छन् । बरु लगत्तै नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवमाथि सार्वजनिक स्थलमै खुकुरी प्रहार भयो। खुकुरी प्रहार गर्नेलाई प्रहरीले नियन्त्रणमा लिएपनि पुराना दलका नेताहरुले बालेनकै अभिव्यक्तिको शृङ्खलासँग जोडेर व्याख्या गरे।

बालेन र हर्क साम्पाङले जसरी नै अप्रत्यासित मत पाएर संसद्को चौथो ठूलो दल बनेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवी लामिछानेले गृहमन्त्रीबाट हट्नु परेको आक्रोशमा आमसञ्चार माध्यममाथि गम्भीर आरोप लगाएका थिए । आफ्नो राजनीति बिग्रनुको सम्पूर्ण दोष मिडियाको कारण भएको उनको अभिव्यक्तिलाई त्यसै बेला अनुचित ठानिएको थियो। यी लगातारको घटनाक्रमको प्रवृत्ति भनेको राजनीतिक स्वतन्त्रतालाई अराजकतामा बदल्ने र आफूलाई प्राप्त जनमतको दुरुपयोगकै प्रवृत्ति सँग तुलना गर्न सकिन्छ।

किनकि संविधानको पालना गर्न पुराना दलहरु चुकेको निष्कर्षसहित निरन्तर प्रश्न गरेरै यी पात्रहरु राजनीतिमा आएका थिए । तर अहिले जस्तो प्रवृत्ति देखाइरहेका छन्, यसले ती पात्रहरुमा पनि परम्परागत शक्तिहरु जस्तै रहेको सन्देश गइरहेको छ। सँगै, संविधानको सर्वोच्च र कानूनी शासनको पक्ष कमजोर बनिरहेको छ । कम्तिमा आफू हिडेको बाटो बिर्सनु यी पात्रहरुको दायित्व हो।

# चीनमा एउटै डाँठमा जुम्ल्याहा कमलका फूल फुले

चीनमा एउटै डाँठमा जुम्ल्याहा कमलका फूलहरु फुलेका छन् ।

एउटै डाँठमा फुल्ने जुम्ल्याहा कमलका फूलहरुलाई दुर्लभ मानिन्छ। जुम्ल्याहा कमलका फूल चीनको दालीको छिक्सी महोत्सवमा समेत देखाइएको थियो । सो पर्वलाई चिनियाँहरु चिनियाँ भ्यालेन्टाइनडेको रुपमा मनाउने गर्दछन् ।



प्राचिन चिनियाँ साहित्यमा फूललाई प्रेम र खुशीको प्रतिक मानिन्छ ।

सिन्धुली जिल्लामा लोकप्रीय ब्राण्डका जुत्ता तथा चप्पलको होलसेल तथा खुद्रा विक्रिका लागि हामीलाई संम्झनुहोस् ।



प्रो. राजकुमार श्रेष्ठ ९८५४०४०१९८
राशिश जुत्ता पसल
(स्टल बजार तथा लक्ष्मी बैंकसँगै) RASIS SHOSE HOUSE

# विशाल-कुमार स्मृति पत्रकारिता पुरस्कार सिन्धुलीका बरिष्ठ पत्रकार गौतमलाई

**सिन्धुली**/ नेपाल पत्रकार महासंघ सिन्धुलीका संस्थापक कोषाध्यक्ष एवं जनपक्षीय पत्रकार कृष्णप्रसाद गौतमलाई यस वर्षको विशाल-कुमार स्मृति पत्रकारिता प्रखान गरिएको छ । २० औं विशाल-कुमार स्मृति दिवसको अवसरमा बरिष्ठ पत्रकार गौतम सम्मानित हुनु भएको हो । नेकपा (एमाले) जिल्ला अध्यक्ष रामकुमार कार्कीको अध्यक्षता एवम् नेकपा एमालेका केन्द्रीय सदस्य एवम् प्रतिष्ठानका संरक्षक मनोजजंग थापाको प्रमुख आतिथ्ययतामा भएको कार्यक्रममा पत्रकारिता मार्फत राजनैतिक तथा सामाजिक आन्दोलनलाई जनपक्षीय पत्रकारिता मार्फत समाजमा उल्लेखनीय योगदान दिएको भन्दै उहाँलाई विशाल-कुमार स्मृति प्रतिष्ठान सिन्धुलीले ५ हजार नगद सहित सम्मान गरेको हो ।

पत्रकार गौतमलाई नेकपा (एमाले) का केन्द्रीय सदस्य एवं विशाल कुमार स्मृति प्रतिष्ठानका संरक्षक मनोजजंग थापाले दोसल्ला ओढाउँदै प्रमाण पत्र र नगद पाँच हजार रुपैंया प्रदान गर्नु भएको थियो ।

विशाल कुमार स्मृति प्रतिष्ठानले हरेक वर्ष एक जना जनपक्षीय पत्रकारलाई स्मृति दिवसको अवसरमा सम्मान र पुरस्कृतगर्दै आएको छ ।

तत्कालिन माओवादीका केन्द्रीय सदस्य शेरमान कुँवर 'विशाल' र वैकल्पिक केन्द्रीय सदस्य मोहनचन्द्र गौतम 'कुमार' लाई सिरहा जिल्लाको धन्छवारमा तत्कालिन नेपाली सेनाद्वारा नियन्त्रणमा लिई आजकै दिन अर्थात भदौ २० गते गोलीहानी बिभत्स हत्या गरेको थियो ।

स्मृति कार्यक्रममा नेकपा एमालेका केन्द्रीय सदस्य मनोजजंग थापाले बिशाल कुमारले देखाउनु भएको बाटोबाट नेपाली कम्युनिष्ट आन्दोलन अगाडि बढिरहेको र त्यसको नेतृत्व अहिले केपी ओलीले गरिरहनु भएको बताउनुभयो । उहाँले भन्नुभयो: कमरेड पुष्पलाल, मदन भण्डारी र केपी ओली नेपाली कम्युनिष्ट आन्दोलनको एउटै पाटो भएको र एमाले मात्रै नेपाली कम्युनिष्ट आन्दोलनको मूल प्रवाहका रुपमा अगाडि बढिरहेको छ ।

नेकपा एमाले र माओवादी केन्द्रका बीचमा पार्टी एकतापछि बनेको नेकपाको निरन्तरताको रुपमा रहेका



हजारौं माओवादी नेता कार्यकर्ताहरु अहिलेपनि एमालेमा रहेको बताउँदै जनयुद्ध र जनआन्दोलनको बलमा भएको परिवर्तनलाई आत्मसात गरेर अगाडि बढ्न जरुरी रहेको उल्लेख गर्नुभयो । एमाले नेपाली कम्युनिष्ट आन्दोलनको मूल प्रवाह भएकैले जनयुद्ध लडेका इमान्दार निष्ठान नेता र्काकर्ताहरु अहिले सो पार्टी छोडेर एमालेमा समाहित भइरहेको बताउँदै भगौडाहरु मात्रै माओवादी केन्द्रमा बाँकी रहेको खुलासा गर्नुभयो ।

उहाँले सिन्धुलीका माओवादी नेता कहलिएका सांसद राजन दाहाल भगौडा भएको दाबीगर्दै जनयुद्ध लडेका नेताहरु अहिले सिन्धुली माओवादीमा नरहेको बताउनुभयो ।

एमाले प्रदेश कमिटी सदस्य प्रदिप कटुवालले सिन्धुलीको कम्युनिष्ट आन्दोलनमा महत्वपूर्ण सहयोग पुऱ्याएको स्मरणगर्दै उहाँलाई सिन्धुलीका कम्युनिष्टहरुले स्मरण गर्न जरुरी रहेको बताउनुभयो ।

एमाले जिल्ला अध्यक्ष कुमारबहादुर कार्की (रामकुमार)ले नेपाली कम्युनिस्ट आन्दोलनमा विशाल कुमारले पुऱ्याउनु भएको योगदानको चर्चा गर्दै उहाँहरूलाई कम्युनिष्टहरुले सदैव उच्च सम्मान गरिरहने बताउनु भएको थियो ।

नेकपा एमाले सिन्धुलीका उपाध्यक्ष कर्ण घिसिङले शेरमान कुँवरसँग आफ्नो पुरानो भेटको स्मरण सुनाउँदै कम्युनिष्टहरुले उहाँबाट सिक्ने धेरै कुराहरु रहेको र उहाँको जीवन शैली र व्यवहारलाई अनुशरण गर्न जरुरी रहेको बताउनुभयो । सिरहाको चोहर्वा स्थित सेनाको पूर्वी पृतनाका तत्कालिन प्रमुख कर्णेल बाबुकृष्ण कार्कीले घटना अनुगमन गर्न गएका मानवअधिकारीकर्मीहरुसँग भनेका थिए: 'उनीहरुलाई पक्राउ गरेर राख्न सकिन्थ्यो, तर मेरा केटाहरुले धेरै दु:ख पाउने भएकाले कारबाही गरे ।' यो भनाई उल्लेख भएको अधिकारवादी संस्था हिमराइट्सले बुझाएको गैर न्यायिक हत्या सम्बन्धी स्थलगत अध्ययन प्रतिवेदन राष्ट्रिय मानवअधिकार आयोगमा रहेको एक आयुक्तले सन्देश जनप्रियलाई बताए । उनका अनुसार माओवादी नेताहरुको नियन्त्रणमा लिएर गरिएको हत्या सम्बन्धी यो घटनालाई संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको नेपाल स्थित कार्यालयले पनि रिपोर्ट गरेको थियो । को हुन् कृष्ण गौतम !

२०४६ सालदेखी पत्रकारिता क्षेत्रमा प्रवेश गर्नुभएका कृष्ण गौतम तत्कालिन एकता केन्द्र-मसाल, जनमोर्चा नेपालसँग निकट रहनु हुन्थ्यो भने पञ्चायत विरोधी राजनैतिक गतिविधीको सिन्धुलीबाट केन्द्रमा रिपोर्टिङ गर्नु हुन्थ्यो । त्यसपछि एकताकेन्द्र मसालको बिभाजनपछि गिरिराजमणी पोखरेलको सम्पादनमा प्रकाशन भएको जनएकता साप्ताहिकमा सिन्धुली जिल्लाका राजनैतिक तथा सामाजिक आन्दोलनका समाचारहरु लेख्दै आउनुभएको थियो ।

उहाँले जनएकता बन्द भएपछि केही समय आफैंले सन्देश जनप्रिय साप्ताहिक पत्रिका प्रकाशन गर्नुभयो । अहिले सोही अखबारको प्रधान सम्पादक रहनुभएका गौतम नियमित रुपमा राजनैतिक तथा सामाजिक विषयमा तिखो प्रहारगर्दै आर्टिकल लेखिरहनु भएको छ ।

नेपाली कम्युनिष्टहरुको मूल प्रवाहको रुपमा एमाले देखापर्न थालेको बताउनु हुने बरिष्ठ पत्रकार गौतम आफ्नो इतिहासलाई बुझेर प्रतिष्ठानले सम्मानित गरेकोमा खुशी व्यक्त गर्नुहुन्छ । अबको पार्टीको बुढाहरुले होइन, युवाहरुले गर्नु पर्छ र त्यो पनि एक पटक मात्रै । कम्युनिष्ट पार्टीहरुले अबसर समानूपातिक रुपमा बितरण गर्न नसक्दा समस्यामा परेको बताउँदै कम्युनिष्ट पार्टीको सिद्धान्त रआचारणलाई कडाईका साथ लागु गर्न नेताहरुलाई सुझाउनु भएको थियो ।


## सार्वजनिक हितको लागि जारी सुचना

- एक्कासी उच्च ज्वरो आउने, मांसपेशी, टाउको तथा जोर्नी दुख्ने थकान महशुस हुने वा वान्ता हुने लक्षण देखिएमा डेङ्गी रोग संक्रमण हुन सक्छ त्यसैले डेङ्गी रोगबाट बच्ने एक मात्र उपाय भनेको झुल भित्र सुत्नु हो ।
- पर्ती, बाँझो र खाली रहेका निजी जग्गामा भौगोलिक हावापानी सुहाउँदो उपयुक्त प्रजातीका रुख, डालेघाँस तथा जडिबुटी जन्य प्रजातीका रुख विरुवा रोपौं र त्यसै खेर गइरहेको जग्गाको सदुपयोग गरौं, उत्पादन बढाऔं ।
- स्थानीय तहका भौतिक पूर्वाधारहरु सार्वजनिक सम्पति हुन् सबै भौतिक पुर्वाधारको रेखदेख गर्नु सबै नागरिकहरुको कर्तव्य हो ।
- सार्वजनिक जमिन अतिक्रमण नगरौं । सरकारले निर्धारण गरेको सडक, पुलको क्षेत्रफल भित्रको जग्गामा कुनै प्रकारको अतिक्रमण नगरौं ।
- शिक्षानैं विकासको पुर्वाधार भएकाले गुणस्तरीय शिक्षाको विकासमा सबैले उहयोग गरौं ।
- जन्म, बिबाह, मृत्य, बसाई सराई जस्ता घटनाहरु आफ्नो वडा कार्यालयहरुमा नियम पुर्वक दर्ता गराई सचेत नागरिक बनौं ।
- सामाजिक सुरक्षा भता प्राप्त गर्ने लाभग्राहीहरुले हरेक वर्ष आफ्नो फोटो सहितको व्यक्तिगत विवरण आफ्नो वडा कार्यालयमा दर्ता गराऔं

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुली, बागमती प्रदेश


# कृषि तथा पशुसेवा भवनको शिलान्यास

**ग्वालटार**/ गोलन्जोर गाउँपालिकाका अध्यक्ष शंकर बरालले आज बैद्धिक परम्पारा अनुसार कृषि तथा पशुसेवा कार्यालयको शिलान्यास गर्नुभएको छ। आइतवार बिहान अध्यक्ष बरालले ठेकेदार कम्पनीका प्रतिनिधी भरत कार्कीले पुजा गरिसकेपछि पालिका अध्यक्ष बरालले शुभ साइतमै शिलान्यास गर्नुभएको हो । नेपाल सरकार कृषि तथा पशुपंक्षी मन्त्रालय ग्रामिण उद्यम तथा आर्थिक विकास आयोजना आर्थिक करिडोर कार्यालयको २ करोड ३५ लाख २६ हजार ३ सय ९७ रुपैयाँको लगानीमा भवन निर्माण थालिएको अध्यक्ष शंकर बरालले जानकारी दिनुभयो । उहाँले एक वर्ष भित्र निर्माण कार्य सम्पन्न गर्नेगरी काम थालिएको बताउँदै गाउँपालिकाले सबै कामहरु आफ्नै भवनबाट सञ्चालन गर्ने योजना बनाएको उल्लेख गर्नुभयो । केही समयपछि गाउँपालिकाको प्रशासनिक भवनको पनि शिलान्यास हुने बताउँदै उहाँले आफ्नो



कार्यकालमा यहाँका नागरिकले विकासको भनुभूति गर्ने बताउनुभयो। गाउँपालिका उपाध्यक्ष ज्वालाप्रसाद न्यौपानेले विकास निर्माणका कोही कसैसँग कुनै पनि संझौता गर्न नसकिने बताउँदै निर्धारित समयमैं काम सम्पन्न गराउन आफु लागि पर्ने उल्लेख गर्नुभयो ।

शिलान्यास कार्यक्रममा वडाध्यक्ष केपी पोखरेल र स्थानीय वासिन्दाको सहाभागिता रहेको थियो ।


सिन्धुलीमा होलसेल तथा खुद्रा मुल्यमा ताजा तरकारी पाइन्छ ।

बिवाह होस् वा पार्टी, पिकनिक होस् वा पुजाका लागि कतै जानैं पर्दैन। सिन्धुली जिल्लाकै उत्पादन हामी तपाईको घरमै ल्याइदिन्छौं।



- विषादी प्रयोग नगरिएका सागसब्जी
- आलु, लसुन, प्याज, खुर्सानी, हरियो धनियां, टमाटर
- मोटरकोसा, बन्दा, काउली, ब्रोकाउली,कागती, दालहरू



राकेश तरकारी पसल, तरकारी बजार, सिन्धुली,फोन: ९८४४०९१९७७

# कथा : यासिका

म मान्छे नै हुँ तर कहिलेकाहीँ शंका लाग्छ । मान्छेकै संगतले मलाई मान्छे बनायो अनि अहिले लास । मान्छे नै थिए, मलाई मान्छे बनाउने अनि समाज चिनाउने पनि । अहिले तिनै मान्छे मेरो खुसी लुटिरहेका छन् । सुख अनि सोचसमेत लुटेर लडिबुडी गरिरहेका मान्छे देख्दा लाग्छ, मान्छे कसरी मान्छेबाट अलग भएर अनुहार देखाउन सक्छन् ? मभित्रको बुद्ध निमोठेका छन् । बुद्धसँगै बौद्धिकताको अपहरण गरेका छन् । मेरो मानसिक र शारीरिक बल पनि निचोरनाचर पारेर छोक्रा मात्र बाँकी राखिदिएका छन् । बर्बराएर बाँच्न बाध्य बनाएका छन् । भन यासिका, अब म के गरुँ ?

चन्द्रिकाले आफूलाई सम्हाल्नै सकिनन् । पाँच वर्षपछि स्वदेश फर्किएकी छोरी यासिकासँग वर्षौंको कुण्ठा पोखिन् । सदरमुकामदेखि सात घण्टा हिँडेर घर पुगेकी यासिका थाकेर यसै लखतरान थिइन् । आमाका कथाव्यथाले अझ धेरै गलिन् उनी । प्रतिक्रियाविहीन उनी भित्रैदेखि चिच्याउन चाहन्थिन् । तर उनलाई थाहा थियो, खोक्रो घरभित्र चिच्याएर कुनै उपलब्धि हुने छैन । समाजले नसुनेसम्म चिच्याउनुको कुनै अर्थ छैन ।

झमक्क साँझ परेपछि घर पुगेकी यासिकासँग कतिखेर पीडा पोखौं भएको थियो चन्द्रिकालाई । बर्खाको समय थियो, बाहिरबाट भ्यागुत्ताको ट्वार्र ट्वार्र आवाज एकोहोरो आइरहेको थियो । भदौरे झरी त्यसरी क्रमशः बढिरहेको थियो जसरी आमाका आँसु व्यथा पोखेसँगै झरिरहेका थिए । छोरा पनि छोरी पनि, यासिका नै थिइन् त्यो झुपडीको । पति वियोगपछि त चन्द्रिकाका लागि अभिभावक पनि यासिका नै थिइन् ।

यासिकाले आमालाई अँगालोमा बेरिन् । डाँको छोडेर रुने मन थियो उनलाई । आमाको दयनीय अवस्था बुझेर मन कठोर बनाइन् । आमालाई बिछ्यौनामा सुताइन् र आफ्नै काख सिरानी बनाएर चुपचाप सुम्सुम्याउन थालिन् ।

चन्द्रिका दलित गाउँमा सबैभन्दा धेरै पढेकी महिला । त्यसबेलै एसएलसी सकेकी । त्यसैले उनले छोरीहरूलाई पढाइमै भविष्य देखाइन् । परिणाम आज पाएकी छन् चन्द्रिकाले, यासिकाले छात्रवृत्तिमा पिएचडी सकेर फर्किनु जीवनकै सुखद् क्षण थियो त्यो । दलित बस्तीमै रहँदा उच्चजातका भनिएकाबाट गरिएको अपमान सहन नसकेर पतिले आत्महत्या गरेका थिए । त्यसपछि उनले अझै दुर्गम यो ठाउँ रोजेर बसाई सरेकी थिइन् ।

तेरो बुबाको जीवन तैँले देखे बुझेकै होस् । पति त्यसरी बितेपछि हामी दलित भनिएका पत्नी कसरी समाजमा निचोरिन्छौं, भन्नु नपर्ला छोरी । तँलाई पढ्न पठाएदेखि समाजमा भोगेका अनेक सास्ती सुनाएर हैरान पार्न चाहन्नँ ।

छोरीको काख चन्द्रिकालाई लाख भएको छ आज । यासिका पाउँदा संसार नै मुट्ठीमा भएको महसुस गर्दैछिन् उनी । यासिका डाक्टर बनेको खुसीले संसार उज्यालो भएको छ उनका लागि । त्यसैले त सबै दुःख भुलेको अनुभूति भएको छ चन्द्रिकालाई । अभिभावकको छहारी पाएको ठानेकी छन् छोरीबाट अबेरसम्म पनि बैनीलाई नदेखेपछि यासिकाले सोधिन्, आमा बोलिनन् । छोराकी आमा हुन पाइनन् चन्द्रिका । दुई छोरीले पूर्णता महसुस गर्दै बाँचेकै थिइन् । आफ्नो पीडा सुनाउँदिनँ भनेर कान्छी छोरीको घटना भन्न भूमिका बाँध्दै थिइन् आमा । त्यसै बेला यासिकाले पनि बैनीको कुरो कोट्याइन् । 'हो छोरी, तेरी बैनी मनिषा' ।'चन्द्रिकाको बोली एकाएक अवरुद्ध भयो । यासिकाको मनमा भूकम्प गएजस्तै भयो । मुटु दह्रो पार्दै चन्द्रिका बोल्न थालिन् ।

तँ छँदै छिमेकमा भएको सीमाना विवादको सन्दर्भ थाहै होला । त्यसमा तिमेरु दिदीबैनी साक्षी बसेर बोलेको त्यो जमिनदारलाई पचेको रहेन छ । मेरो विपक्षमा बोल्ने कसैलाई बाँकी राख्दिनँ भन्दै थियो । त्यसपछि तँ पढ्न गइहालिस् । तेरो पढाइ बिगार्न चाहन्नथें । कहिलेकाहीँ फोनमा कुराकानी हुँदा सबै ठीक छ भन्दै टारेँ । ठीक त त्यसैबेलादेखि थिएन छोरी । मनिषालाई धम्क्याउने, अनेक आरोप लगाउने गर्न थाले । मारेर फालिदिने भन्दै बसिटिक्न दिएनन् । अनेक तरहले दुःख दिए । मनिषालाई नबोलेर मात्र समाधान छ भनेर सम्झाएँ । ऊ पनि सहने मात्र भएकी थिई । हाम्रो पक्षमा बोल्ने जमिनदारको विपक्षी बस्नेत दाइ पनि डरले थुरथुर थियो । एसएलसी आउन लागेकाले मनिषालाई टाढा कतै पठाउन पनि सकिनँ । एकदिनको कुरो हो । परीक्षाको तयारीमा भएकाले घरमै छोडेर हटिया भर्न गएँ । फर्कदा झमक्क साँझ परिसकेको थियो । खोल्साबाट माथि उक्लिँदा होहल्ला सुनें । घरछेउको मकैबारीमा छलिएर कुरा सुनें । जमिनदार गाउँ नै उचाल्ने गरी कुर्लदै थियो, ओइ डल्ली तेरी दिदी कहाँ छे ? तेरी आमा खै ? ए, तिमेरु हामीविरुद्ध खनिने ? दुई चार शब्द के पढेथे सबैभन्दा जान्ने सुन्ने हुनुपर्ने ? तेरो बाउ त टिक्न सकेन तिमेर्को यत्रो हिम्मत ?

गाउँ सबै हाम्रो आँगनमा खनिएका थिए । सबै चुपचाप । जमिनदारका छोरा र आसेपासेले मनिषालाई निमोठनामठ पार्दै थिए । तर पनि मनिषाका पक्षमा बोल्ने हिम्मत कसैको देखिनँ । त्यतिका मान्छेसामू आँगनमा गरेको दुर्व्यवहार मैले पनि हेर्न सकिनँ । मकैबारीमा छलिएँ, निकैबेर आँखा चिम्लिएर भगवान् पुकारें ।

हिंस्रक पशुले झैं आक्रमण गर्न थालेपछि ऊ बेस्सरी चिच्याई । कुटपिट र लुछालुछ गरिरहे मान्छेको भेषधारी ती राक्षसले । म निरीह बनिरहें । घटनाको साक्षी हुनुको विकल्प देखिनँ । कहिलेकाँही त साहस पनि फेरेको श्वासजस्तै आफूबाट अलग हुँदोरहेछ । भएको श्वास पनि दबाएँ र थचक्क बसें । मनिषालाई तिनले घरी फुटबल बनाए घरी भलिबल । त्यो दृष्य चलचित्रमा गुण्डाले गर्ने अभिनयभन्दा कम थिएन । पूरै दृष्य हेर्ने साहससमेत ममा बाँकी थिएन छोरी । मलाई थाहा थियो, म उसलाई बचाउन गएँ भने उनीहरूले मेरो पनि त्यही हालत बनाउनेछन् । मेरो ब्रह्मले भन्यो, दुवै जना लास हुनु हुन्नँ ।

जमिनदार कड्कियो, ए गाउँले हो ! रमिता सकियो अब सबै घर जाओ । लाग्यो, जे गर्नु गरे अब छोरीलाई छोडिदिन्छन् । रमिने बनेका गाउँले चुपचाप घर फर्किए । जमिनदारले इसारा गर्यो । आसेपासे मनिषालाई बोकेर घरभित्र पसे । लागेको थियो, ओछ्यानमा लडाएर घरतिर जालान् । गाउँले गएपछि घरपछाडि पुगें र लुकेर गतिविधि नियाल्न थालें । आसेपासे निस्किए भने छोरीलाई मलमपट्टि गर्ने सूर थियो । तर अचानक मनिषा चिच्याएको आवाज आयो । भुसतीघ्रेहरूले उसलाई पालैपालो लुछिरहेकारहेछन् । म चिच्याउन खोजें, सकिनँ । श्वास दबिएर भित्रै पस्यो । भनन्न रिगँटा लागेर आयो । ढलेछु । बेहोस म बिहानको चिसोले ब्युझिएँ, घिस्रिँदै घरभित्र छिरें । मनिषा त यस संसारबाटै विदा भइसकेकी रहिछ । आमाको मुखबाट बैनीको वास्तविकता सुन्दा यासिका बोल्न सकेकी थिइनन् । आमालाई सुम्सुम्याइरहेकी उनी आफैं ढलिन् । चन्द्रिकाले पानी छ्यापिन् । केहीबेरमा यासिका होशमा आइन् । कुखुराको भालेले बिहानीको संकेत गर्यो ।

'छोरी, उज्यालो हुनुअघि तँ यो गाउँ छोडेर भागिहाल् ।'

'आमा, तपाई यो के भन्दै हुनुहुन्छ ? मेरो तातो रगतले त्यसो भन्दैन । म बुझ्ने र बोल्न सक्ने भएकी छु, समाज मेरो पक्षमा पार्छु अनि त्यो जमिनदारको घरमा आगो सल्काइदिन्छु । मलाई हेर्नु छ आगो सल्किएको घरभित्र कति छटपटी र पीडा हुन्छ ।'

'हामी दलितका पक्षमा समाज बोल्दैन छोरी । यदि समाज अन्धो छ भने तेरो बौद्धिकता त्यहाँ प्रकाश बिनाको दियो मात्र हुनेछ । आमाको वर्षौंको भोगाइले बोलेको कुरो हो यो । मान्, तँ जहाँबाट जसरी आइस् त्यहीँ जा । म जेनतेन बूढो शरीर घिसारिरहेकै छु, सकुञ्जेल घिसार्छु ।'

करिब एक घण्टा आमाछोरीको दोहोरी चलिरह्यो । अन्ततः यासिकाले चन्द्रिकाको मानमनितो राखिन् । 'अरिंगालको गोलोमा ढुंगो हानेर जीत हुन्न छोरी' भन्ने वाक्यले यासिका आमासँग हारिन् । उनले निधो गरिन्, खाटा बसेको आमाको घाउ बल्झाउनुभन्दा झिसमिसेमै कसैले नदेख्ने गरी गाउँ छोडेकै जाति । 'आमा तपाईंको आशीर्वादले पिएचडी सकेकी छु, म यो समाज सुधारेर तपाईंको सपना पूरा गर्नेछु ।' चन्द्रिका छोरीसँगको वियोग सम्झेर विक्षिप्त हुन खोजिन् । हत्तपत्त आँसु पुछ्दै छोरीतिर मायालु भावले हेरिन् । ब्याग बोक्दै आँगनमा निस्किएकी यासिकाले भनिन्, 'आमा, आफ्नो ख्याल राख्नू । म यसै समाजमा अनुहार देखाउन्नँ । अब यो समाज बदल्ने हैसियत बनाएर मात्र पाइला टेक्नेछु ।' यासिका केही पर पुगेपछि आमातिर फर्किइन् । चन्द्रिकाका आँखा छोरीतिरै एकोहोरिएका थिए ।

## सातको कविता

### त्यो साँझ



मदनकुमार अधिकारी
धनुषा

गर्मी यामको त्यो एउटा साँझ
पहाडी बाटोको मोडमा
प्रतिक्षारत थियौ तिमी
कुनै पथिकको
अनि त्यो पथिक
अरू कोही नभएर, म थिएँ

मोडदार पहाडी बाटोमा
मोडिएर फेरि सोझिदै गर्दा
कालो चश्माले ढाकेका
मेरा युगल आँखाको रडारमा
तिमी कैद भएकी थियौ
पहिलोपटक

मोटी मोटी
गोरी गोरी
चित्ताकर्षक
आनन्द प्रदायक
भरिपूर्ण यौवना
जस्तो देखें, लेखें मनको दर्पणमा

नमस्ते ! युगल हात जोडिए मेरा
मुसुक्क ! जुटेका ओठ खुले उनका
अनि, कतै हृदयको अन्तरतलमा
फक्रिए बेली चमेली एकसाथ
आँखा फेरि जुध्यो
उनको फेरि झुक्यो

आउनुस् न !
सजिलैसँग आइपुग्नु भो नि?
प्रश्न
अहिले भने अलि गाह्रो भो
मेरो जवाफ
उनी हाँसिन्, म हाँसेजस्तो गरेँ

तपाईं तराईको मान्छे
पहाड कस्तो लाग्यो?
भनेँः राम्री लाग्यो
यसपटक उनी हाँसिनन्
लजाइन्
त्यो बिछट्टको लजाई थियो

फेरि उनी र म
तर सन्नाटा केहीबेर
मैले भनें
नगरी अबेर
ए पार्वती !
हेर ! म तिम्रो पर्वतारोही आइपुगें है !

## गजल



सन्तोष पाण्डे
नवलपरासी

द्रौपदीले दुशासनको छातीको रगत मागेजस्तै
घरिघरि त लाग्छ यो देश सतीले सरापेजस्तै

हेर्छु कति अन्याय छ अपराध छ समाजमा
यस्तो लाग्छ न्यायमूर्तिले नै आँखा ढाकेजस्तै

तिमीलाई लाग्दो हो हाँसेकै त छ, बाँचेकै त छ
तिम्रो यादले लाग्छ अचानोमा मुटु काटेजस्तै

जति नै मारोस् यो दुनियाँ मलाई फरक पर्दैन
घरमा आमा भेटेपछि लाग्छ जिन्दगी बाँचेजस्तै


आउनेको स्वागत जानेलाई बिदा गर्दै ठिक्क छ
भएको छ जिन्दगी यो आफ्नै ढोकाको पालेजस्तै ।


चाउचाउ, बिस्कुट, चक्लेट, साबुन र किराना आइटमको थोक तथा खुद्रा बिक्रेता



चन्दन एण्ड नेहा जेनरल स्टोर्स बाल्मिकिनगर ४ जनकपुरधाम, नेपाल
सम्पर्क फोन: ९८४४०२९००२, ९८१६८९१२१६, ९८०१६२९३२९

फर्निचर, घरायसी सामान र आर्कणक पर्दाहरूका लागि सँधै सम्झनुहोस ।





कार्की फर्निचर्स एण्ड सप्लायर्स, सिन्धुली



पानीट्यांकी, सिन्धुली फोन: ९८५४०४०५३३

# चीनसँगको 'नयाँ शीतयुद्ध' अमेरिकाले बुनेको जाल

**एजेन्सी**/ चीन र संरा अमेरिकाबिचको 'नयाँ शीतयुद्ध' जनमतको तातो बहसको विषय बनेको छ । यसका दुई प्रतिनिधि लेखहरू हुन् : एउटा हो हेरिटेज ट्रस्टीका अध्यक्ष केभिन रोबर्टसद्वारा मार्चमा प्रकाशित ' हामीले चीनसँगको नयाँ शीतयुद्ध कसरी जित्छौँ' शीर्षकको लेख र अर्को हो अमेरिकी रणनीतिकार चार्ल्स ए कुप्चानले जूनमा लेखेको "हामीले सम्झेको भन्दा धेरै नराम्रो शीतयुद्ध हुनसक्छ ।" के चीन र अमेरिकाबिचको 'नयाँ शीतयुद्ध' ती दुई लेखकहरूले विश्वास गरे जस्तै 'अपरिहार्य' हो ?




शीतयुद्ध सन् १९४० देखि १९९० को दशकसम्म संरा अमेरिका र समाजवादी सोभियत सङ्घबिचको 'तातो युद्ध' बिनाको चौतर्फी भिडन्त थियो । इतिहासलाई फर्केर हेर्दा अमेरिकाले जितेको शीतयुद्ध कुनै सैन्य विजय थिएन । शीतयुद्ध पनि अमेरिकाको लागि राजनीतिक विजय थिएन किनकि चीनको उदयले भ्रमलाई चकनाचुर बनायो र 'वासिङ्टन मोडेल' सर्वोच्चतामा लगाम लगाउन असफल भयो ।

बाइडेन प्रशासन सत्तामा आएदेखि यसले चीनविरुद्ध साझा मूल्यहरूको गठबन्धनलाई पुनरुत्थान गर्न आर्थिक रूपमा 'जोखिम मुक्ति' को नाममा ' चीनविरोधी' गर्न र 'जोखिम मुक्ति' को निर्माण गर्न राजनीतिकरूपमा खेमा बनाउन र इन्डो-प्यासिफिक सर्कल चीनलाई सैन्यरूपमा दबाउन कुनै कसर बाँकी राखेको छैन । यो चौतर्फी रणनीति शीतयुद्धको मानसिकताको निर्देशनमा बनाइएको स्पष्ट छ । यसको उद्देश्य चीनलाई आफ्नो पूर्वनिर्धारित शीतयुद्ध रणनीतिक ढाँचामा ल्याउनु हो । यो पनि आधारभूत कारण हो कि पश्चिमी मिडियाले चीन र अमेरिका बिच 'नयाँ शीतयुद्ध' को लागि हल्ला गरिरहेको छ ।

तर, संरा अमेरिका र सोभियत सङ्घबिचको शीतयुद्धमा जस्तै आज अमेरिकाका लागि चीनलाई राजनीतिक र सैन्यरूपमा पराजित गर्न गाह्रो हुनेछ । भर्खरै, अमेरिकी विदेश सचिव (विदेशमन्त्री) एन्टोनी ब्लिन्केनले सार्वजनिकरूपमा स्वीकारेका छन् कि अमेरिकाले तीव्र प्रतिस्पर्धाको बिचमा चीनसँग 'शान्तिपूर्वक सहअस्तित्व' गर्ने बाटो खोज्नुपर्छ ।

चीन पहिलेजस्तो थिएन । चीनको सुधार र खुलापन र आर्थिक विश्वव्यापीकरणको लहरका कारण चिनियाँ अर्थतन्त्र विश्व अर्थतन्त्रसँग गहिरो रूपमा गाँसिएको छ । यस ढाँचामा, अमेरिका र उसका सहयोगीहरू चीनसँगको 'प्रतिस्पर्धा' मा दुई पूर्णतया फरक खेलहरूमा फसेका छन् ।

अमेरिकाले चीनलाई 'सबैभन्दा ठूलो खतरा' मान्छ, यसरी 'शून्य-योग खेल' सिद्धान्त सिर्जित भिडन्तलाई बढावा दिन्छ । यद्यपि, (अस्थायी) अपरिवर्तनीय आर्थिक अन्तरनिर्भरताको कारणले गर्दा, अमेरिका चीनबाट सम्बन्ध तोडेर पनि दृढताका साथ चीनबाट 'डिकपलिङ' (सम्बन्ध विच्छेद) को प्रतिरोध गरिरहेका छन् । बरु, तिनीहरूले ' निष्पक्ष आर्थिक आदानप्रदान कायम राख्न' दबाब सिर्जना गरिरहेका छन्, जुन निश्चितरूपमा जीत-जीत सहयोग र सम्झौताको 'सकारात्मक-योग खेल' माथिको जीत हो ।

अर्को शब्दमा भन्नुपर्दा सुरक्षा र आर्थिक हितमा हुने विकृति नै संरा अमेरिकालाई आन्तरिकरूपमा आफ्नो शक्ति सुदृढ गर्न र बाहिरीरूपमा चीनविरुद्ध खेमा बनाउनमा सबैभन्दा ठूलो बाधा हो र यो अवरोधले अमेरिकालाई उसले सोभियत सङ्घको विरुद्धमा गरेजस्तै आफ्नो राजनीतिक, सैन्य र आर्थिक शक्तिलाई एकजुट गर्न गाह्रो बनाएको छ ।

अझ महत्वपूर्ण कुरा के छ भने चीनलाई 'नयाँ शीतयुद्ध' को रणनीतिक जालमा कहिल्यै पनि तान्न सक्ने छैन ।

विचारधाराको हिसाबले चीनले अमेरिकासँगको स्पष्ट भिडन्तलाई कम महत्व दिन्छ । अमेरिकाले यसलाई 'सार्वभौमिक मूल्यहरू' भन्छ - अनिवार्यरूपमा 'उदारवादी लोकतान्त्रिक' मूल्यहरू थोपरेको छ, जबकि चीनले साझा भलाइमा ध्यान केन्द्रित गर्दछ र साझा भविष्यको विश्वव्यापी समुदायको निर्माणलाई प्रवर्द्धन गर्दछ ।

आफ्नो विचारधारा वा निर्यात नगरी आफ्नै बाटो लिने कुरामा जोड दिन्छ । अन्य देशहरूलाई चीनको बाटो लिन कुनै बाध्यतामा पार्दैन ।

आर्थिक मोर्चामा चीनले विजयी परिणामका लागि सहयोगी विकासलाई खुला र प्रवर्द्धन गर्न जारी राखेको छ । जबसम्म चीन सुधार र खुलापनको पक्षमा छ, अमेरिकाले आफ्नो अर्थतन्त्रलाई ' डि-सिनिकाइज' (चीनबाट मुक्त) गर्ने प्रस्ताव गर्नु गलत प्रयास हो ।

यो देख्न सकिन्छ कि शीतयुद्धका सबैभन्दा आधारभूत विशेषताहरू - वैचारिक र राजनीतिक जस्तालाई तस्तै, सैन्य भिडन्त र पूर्ण आर्थिक ' डिकपलिङ' - चीन र अमेरिकाबिच सम्भव देखिँदैन । चीन र अमेरिकाबिचको अपरिहार्य 'नयाँ शीतयुद्ध' को दाबी अमेरिकाले मनगढन्तेरूपमा सिर्जना गरेको हो । संरा अमेरिकाको योजनाअनुसार चीन र अमेरिका तथाकथित नयाँ शीतयुद्धको अवस्थामा प्रवेश गर्नेछन् र त्यसपछि अमेरिकाले आफ्ना राजनीतिक, सैन्य र आर्थिक शक्ति र आफ्ना सहयोगीहरूलाई चीनलाई दबाउनका लागि एकसाथ ल्याउन सक्नेछ ।

यो स्पष्ट छ कि चीन अमेरिकाको पाइला पछ्याउँदै पूर्वनिर्धारित शीतयुद्धको रणनीतिमा परेको छैन र पर्ने गल्ती गर्नेछैन । बरु, चीन आफ्नो शान्तिपूर्ण विकास र खुलापनको नीतिमा अडिग रहनेछ र भिडन्तबिना सहकार्य र सहयोग खोजिरहनेछ । यसरी अमेरिकाले एउटा हातले अर्को हातबिना 'नयाँ शीतयुद्ध' को ताली बजाउन सक्दैन ।

# लिवियामा भिषण बाढी: १५ सयको मृत्य एक हजार बेपत्ता

**एजेन्सी**/ लिबियामा ठूलो बाढीबाट प्रभावित एउटा सहरमा मात्रै १,५०० जनाको ज्यान गएको डेर्नाको पूर्वी बन्दरगाह भ्रमण गरेका एक जना मन्त्रीले बताएका छन् ।

डेर्ना बन्दरगाह सहर हो ।

"त्यहाँ देखिएका कुराले म स्तब्ध भएको छु । त्यहाँ सुनामीको जस्तै अवस्था छ," पूर्वी सरकारका उड्डयन मन्त्री तथा सरकारको आपत्कालीन प्रतिकार्य समितिका सदस्य रहेका हिचेम च्किओउआटले भने ।



दुई वटा बाँध र चार वटा पुल भत्किएपछि करिब १,००,००० मानिसहरूको बसोबास रहेको डेर्नाको अधिकांश भाग डुबानमा छ। सरकारका ती मन्त्रीले रोएटर्स समाचार संस्थासँग कुरा गर्दै "त्यहाँ जताततै शवहरू रहेको" बताएका छन् ।

ड्यान्यल नामक समुद्री आँधीका कारण अन्य तटीय क्षेत्रहरूमा पनि विनाशकारी बाढी निम्तिएको छ । उक्त समुद्री आँधी त्यहाँ आइतवार प्रवेश गरेको थियो ।

ती मन्त्रीले यसअघि ज्यान गुमाउनेहरूको सङ्ख्या निकै बढी हुने अनुमान गरिएको बताएका थिए ।

"पच्चीस प्रतिशत सहर बिलायो भन्दा बढाइचढाइ गरेको हुने छैन । थुप्रै भवनहरू भत्किएका छन्।" अन्तर्राष्ट्रिय सहायता निकाय आईएफआरसीका अनुसार बाढीका कारण हराउने मानिसको सङ्ख्या झन्डै १०,००० छ। मानवीय सहायता सञ्जाल रेड क्रेसन्टले पनि ड्यान्यल समुद्री आँधीका कारण बेपत्ता मानिसहरूको सङ्ख्या १०,००० पुगेको जनाएको छ । ठूलो वर्षापछि आएका बाढी र पहिरोका कारण सडक र घरहरू भत्किएका छन् ।

आईएफसारसीका तामेर रमादानका अनुसार त्यहाँ भएको विनाश ठूलो छ। "मृतकको सङ्ख्या ठूलो छ र त्यो हजारौँ पुग्न सक्छ," उनले भने ।

लिबियाविज्ञ जलेल हर्चाउईले बीबीसीलाई बताएअनुसार ज्यान गुमाउने मानिसको सङ्ख्या केही हजारसम्म पुग्न सक्ने देखिन्छ। जारी उद्धार तथा राहत अभियानका क्रममा सात सैनिकहरू बेपत्ता भएका छन्।

पूर्वी क्षेत्रमा रहेका अधिकारीहरूले त्यहाँ कर्फ्यू लगाएका छन् भने विद्यालय तथा पसलहरू बन्द गर्न पनि निर्देशन दिएका छन्।

पूर्वका सहरहरू बेन्गाजी, सुसे, डेर्ना र अल-मर्ज सबै नै प्रभावित भएका छन्। ज्यान गुमाउने मानिसहरूको सङ्ख्या बढ्नुका साथै ठूलो सङ्ख्यामा घरहरूमा पनि क्षति पुगेको लिबियाली रेडक्रसले जनाएको छ।

एक लाख जनसङ्ख्या भएको डेर्ना सहरमा दुईवटा बाँधहरू भत्किएका छन् भने त्यस वरपरको ठूलो क्षेत्र डुबानमा परेको छ र केही बासिन्दाको पानीमा डुबेर ज्यान गएकोबताइएको छ । अधिकारीहरूले त्यस क्षेत्रलाई विपद्ग्रस्त सहर घोषणा गरेका छन् ।

भर्ना खुल्यो !!

सिन्धुली जिल्लाकै एकमात्र विश्वासिलो कम्प्युटर इन्ष्टिच्युट यस सक्सेस कम्प्युटर इन्ष्टिच्युटमा कम्प्युटरका विभिन्न कोर्शहरुमा ५०% छुटका साथ नयाँ कक्षाहरु संचालन भइरहेको छ ।

Computer Courses:
1. Basic Computer- 3 Months
2. Office Package- 4 Months
3. Accounting Package- 3 Months
4. Diploma In Computer- 6 Months
5. Diploma In Graphic Design- 6 Months
6. Diploma In Computer Application- 1 year
7. Hardware & Networking- 6 Months

नोट: हामी पढाउने मात्र होइन– तपाईलाई १००% काम गर्न सक्ने वनाउँछौं ।

सक्सेस कम्प्युटर इन्ष्टिच्यट
कमलामाई न.पा. ६, २ नं. वजार, सिन्धुली
मो. ९८४४२४५३८३, ९८१७८४५०५४

सिन्धुलीका कृषकहरुका लागि खुशीको खबर

यहां गुणस्तरिय पशुपंक्षीको औषधी, कृषि विषादी, कृषि औजार, सिजन अनुसारको तरकारी बिउ बिजनहरुको होलसेल तथा खुद्रा मुल्यमा पाउनुका साथै प्राविधिक सल्लाह पनि दिइन्छ ।





सिन्धुली भेट फर्मा





कमलामाई ६ स्टलवजार, सिन्धुली फोन: ०४७-५२०२१२ मोवाइल: ९८४४०४१०१५

# भेनिसमा 'द रेड सुटकेस' प्रिमियर

फिल्म 'द रेड सुटकेस' भेनिस इन्टरनेसनल फिल्म फेस्टिभलमा प्रिमियर भएको छ । फेष्टिभलको दोस्रो ठूलो विधा होरोजान्टेमा प्रतिस्पर्धामा रहेको फिल्म १३ सय क्षमताको साला डेरसेना हलमा हाउसफुल दर्शकबीच प्रिमियर भएको हो । प्रिमियरमा नेपालबाट फिल्मका निर्माता रामकृष्ण पोखरेल र शोभा पोखरेल, छायाँकार सुशन प्रजापति, कलाकार सौगात मल्ल, विपिन कार्की, सृष्टि श्रेष्ठ लगायत सहभागी थिए । प्रिमियरअघि फिल्मका निर्देशक, निर्माता र कलाकार फोटो कलमा सहभागी भएका थिए भने फोटोकलपछि निर्देशक फिडेल देवकोटा र सृष्टि श्रेष्ठले भेनिसको अफिसियल च्यानलहरु टिभी, रेडियो र पत्रपत्रिकामा अन्तर्वार्ता दिएका



थिए । भेनिसको समय अनुसार ठीक २ बजे फिल्मको प्रिमिएर भएको थियो । फिल्म पिकअप ट्र्कमा सामान र रातो सुटकेस लिएर जाने ड्राइभरको यात्राको कथा प्रस्तुत गर्छ । तर ड्राइभरको यात्रासँगै हामी देशको आर्थिक, राजनीतिसँग परि चित हुन पुग्छौं जुन हामी कसै का लागि पनि सुखद अनुभवदायक छैनन् ।

फिल्ममा सौगात मल्ल, विपिन कार्की, सृष्टि श्रेष्ठ र प्रविन खतिवडा लगायतको अभिनय छ । शुक्रबार नै फिल्मले बिसाटो डिओरो नामको अवार्ड पनि प्राप्त गरेको थियो ।

स्वतन्त्र समीक्षकहरुको संस्थाले प्रदान गर्ने यो अवार्ड डेब्यू फिल्म बनाउनेलाई दिइने परम्पराअनुसार फिडेल देवकोटालाई प्रदान गरिएको हो । भेनिसको समापन आज शनिबार हुँदैछ ।

आज साँझ हुने समारोहमा यो वर्षका विभिन्न विधाका विजेताको घोषणा हुनेछ ।

# होला त मिरुनाको ह्याट्रिक ?

पछिल्लो समय हिट छिन् अभिनेत्री मिरुना मगर । फिल्म 'कबड्डी ४' र 'जारी' हिट भएपछि उनको व्यस्तता बढेको छ । अहिले उनलाई धमाधम नयाँ फिल्म हात परिरहेका छन् । जसको श्रेय 'कबड्डी ४' र 'जारी' लाई नै जान्छ । 'लालपुर्जा' बाट अभिनयमा डेब्यू गरेकी उनले त्यसपछि रोज, साइनो र चच हुई अभिनय गरिन् । सबै फिल्म फ्लप हुँदा उनको करियरमा नराम्रोसँग धक्का लाग्न पुग्यो । कतै फिल्मबाट पलायन पो हुनुपर्ने त होइन भन्ने डरका बीच 'कबड्डी ४' ले भने उनका लागि सफलताको खाता खो



ल्यो । त्यसपछि 'जारी' को सफलताले उनी सबैको रोजाइमा पर्न थालिन् । अहिले उनको हातमा फिल्मका ताती छन् । उनी भने फिल्म 'नाङ्गो गाउँ' प्रचार प्रसारमा छिन् । २९ भदौ बाट प्रदर्शनमा आउने यो फिल्ममा उनको जोडी दयाहाङ राई नै छन् । दयाहाङ राईसँग 'कबड्डी ४' र 'जारी' अभिनयपछि हिट हुन पाएकी उनलाई 'नाङ्गो गाउँ' ले ह्याट्रिक दिलाउने चर्चा छ । मिरुना भने आफूलाई ह्याट्रिकको लोभ नभएको बताउँछिन् । हालै मिडियासँगको कुराकानीमा उनले यसो बताएकी हुन् । भनिन्, 'एउटा कलाकारले यस्तो कुरा सोचेर काम गर्दा उत्कृष्ट काम हुन सक्दैन ।'

'नाङ्गो गाउँ' राजनीतिक कथावस्तुमा निर्माण भएको फिल्म हो । दीपेन्द्र लामाको निर्देशन रहेको फिल्ममा दर्शकले मन पराउने उनको विश्वास निर्माण युनिटको छ ।

# 'मायावी'मा अनुबन्धित भए सुशील सिटौला

दिवाकर भट्टराईको आगामी फिल्म 'मायावी'को शीर्षमध्येको एक भूमिका मा अभिनेता सुशील सिटौला जोडिएका छन् । पल शाह र दीपिका प्रसाईंपछि सुशीलालाई फिल्ममा अनुबन्धित गरिएको हो ।

अघिल्ला फिल्म होस्टेल रिटर्न्स, गाजाबाजा, रणवीर, जुलेबी र ऐंचो पैंचोबाट उनले प्रशंसा बटुलेका छन् । ती फिल्ममा उनको अभिनयको प्रशंसा समीक्षकले गरेका छन् । निर्देशक भट्टराईले श्रीकृष्ण जन्माष्टमी को अवसरमा बुधबार फिल्म निर्माण को घोषणा गरेका थिए । अर्कोतर्फ पलले यो फिल्ममार्फत दुई वर्षपछि फिल्ममा कमब्याक गर्दैछन् ।

दीपिकाले यसअघि दिवाकरसँग 'ऐश्वर्य'मा सहकार्य गरेकी थिइन् । यो फिल्मपछि उनीहरु विवाह पनि गरे । क्रिएटिभ सिने आर्ट्सले निर्माण गर्न लागेको फिल्मका अन्य कलाकार र प्राविधिक केही समयपछि जानकारी दिने निर्माताले जनाएका छन् । एसडी योगीको संगीत, राम अविरल विष्टको गीत, राजुविक्रम थापाको छायांकन हुनेछ । फिल्मको छायांकन असोज २ गतेदेखि सुरु हुने जनाइएको छ ।पोखराको परिवेशमा फिल्म छायांकन हुन लागेको जनाइएको छ । निर्देशक भट्टराईले यसअघि 'मेरो जीवन साथी', 'स्टुपिड मन', 'ड्रिम्स', 'ऐश्वर्य' र 'क्याप्टेन' फिल्मलाई निर्देशन गरेका छन् ।

# 'पुअर थिंग्स'ले जित्यो भेनिसमा शीर्ष पुरस्कार

फिल्म 'पुअर थिंग्स'ले भेनिस फिल्म फेस्टिभलको शीर्ष पुरस्कार गोल्डेन लायन जितेको छ । योर्गोस लान्थिमस निर्देशित यो फिल्ममा एम्मा स्टोनले पुनर्जन्म प्राप्त गर्ने युवतीको भूमिका निर्वाह गरेकी छन् ।

मुख्य तीन फिल्महरु योर्गोसको 'पुअर थिंग्स', रेयुसुके हामागुचीको 'एभिल डज नट एक्जिस्ट' र अग्निस्का होल्यान्डको 'ग्रिन बोर्डर'ले शीर्ष पुरस्कार जित्ने अनुमान गरिएको थियो । निर्देशक डेमियन चेजल जुरी संयोजक रहेको रहेको जुरी समूहले तीनवटै फिल्मलाई पुरस्कार बाँडेर अनुमानलाई सही साबित गरिदिए । अघिल्लो वर्ष ओस्कार जितेका रेयुसुके हामागुचीले भेनिसमा ग्रान्ड जुरी अवार्ड जिते भने स्पेसनल जुरी पुरस्कार अग्निस्का होल्यान्डले 'ग्रिन



बोर्डर'का लागि हात पारे । सिल्भर लाइन बेस्ट डाइरेक्टरको अवार्ड भने बसाइँसराइ र आप्रवासी समस्यामा बनेको माटेउ गारोनीको 'मी क्याप्टन'ले जित्यो । उत्कृष्ट अभिनेता र अभिनेत्रीको अवार्ड भने क्रमशः प्रिस्सिला केनी र पिटर सार्सगाडले हात पारे ।

नेपालबाट 'द रेड सुटकेस'ले भेनिसको दोस्रो ठूलो पुरस्कार का लागि प्रतिस्पर्धा गरेको थियो । फिल्मले भेनिसमा भइरहेका साइड इभेन्टमा दुई पुरस्कार जित्न सफल भयो । होराइजन्स भनिने यो विधाको उत्कृष्ट फिल्मको पुरस्कार 'एक्स्प्लानेसन फर एभ्रिथिङ'ले जित्यो भने निर्देशकतर्फ यही विधामा मिका गुस्ताफसन 'प्याराडाइज इज बर्निङ'का लागि उत्कृष्ट निर्देशक ठहरिए ।











हामीकहाँ रुद्राक्ष, रक्त चन्दन, धुपी, आँप, कटहर, लिची, नास्पाती, कागती, जुनार, सुन्तला इन्डोर र आउटडोर प्लान्ट, विभिन्न जातका फुलहरु, विवाह व्रतन्धका लागि फुल र दुबोका मालाहरु, आकर्षक सिजनल फुलहरु पाइन्छ । साथै घर तथा रेष्टुरेष्ट आदी सजावट र गार्डेनिङका कामहरुपनि गरिन्छ ।








सन्देश जनप्रियका लागि दिपा भण्डारीद्वारा प्रकाशित सम्पादित, प्रधान सम्पादक : कृष्ण गौतम, सम्पादकः प्रेम दाहाल, सम्वाददाताः पवन राउत, कार्यालय (सिन्धुली): विपी राजमार्ग, कमलामाई-६, (बर्दिवास): सिन्धुलीरोड, कानुनी सल्लाहकारः केशवप्रसाद गौतम ई-मेलः news.pradesh@gmail.com, बेभः www.epradeshkhabar.com मुद्रणः लालिगुरांस अफसेट प्रेस, सिन्धुली